# सामुदायिक विद्यालयमा भौतिक वातावरणको अवस्था सम्बन्धी अध्ययन


प्रस्तुतकर्ता

सरीता कुमारी चौधरी

परीक्षा रोल नं. : ०९८

त्रि. वि. वि. दर्ता नं. : ९-३-२१८-५२१-२०१३

शैक्षिक वर्ष : २०७१/०७२


त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्वास्थ्य शिक्षा विभाग अन्तरगत स्नात्तकोत्तर तह (एम्. एड्.) द्धितीय वर्षको स्वास्थ्य शिक्षा पाठ्यांश पूरा गर्न तयार पारिएको शोधकार्य


त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र संकाय

जनता बहुमुखी क्याम्पस

स्वास्थ्य तथा शारीरिक शिक्षा विभाग

इटहरी, सुनसरी


२०८०

# घोषणा पत्र

प्रस्तुत सामुदायिक विद्यालयहरुमा भौतिक वातावरणको अवस्था सम्बन्धी अध्ययन शीर्षकको शोधपत्र मेरो आफ्नै प्रयास र सहभागितामा तयार पारिएको हो । यसमा संलग्न गरिएका तथ्याङ्कहरु यथार्थ र वास्तविक छन् । यो शोधपत्र मार्फत कोही र कसैमाथि पर्न जाने असरको जिम्मेवारी म स्वयम् हुने प्रतिवद्धता व्यक्त गर्दछु ।

**मिति : २०८०/०५/३१** **शोधार्थी**

**सरीता कुमारी चौधरी**

# जनता बहुमुखी क्याम्पस

इटहरी, सुनसरी

**स्थापित :२०४५**

त्रिभुवन विश्वविद्यालय र उ. मा. शि परिषद बाट सम्बन्धन प्राप्त

विज्ञान, मानविकी, व्यवस्थापन तथा शिक्षाशास्त्र संकाय

---

## सिफारीस पत्र

उपरोक्त सम्बन्धमा यस क्याम्पसको शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह (M.Ed) स्वास्थ्य शिक्षा विभाग (H. Ed.) का विद्यार्थी **सरीता कुमारी चौधरीले** सामुदायिक विद्यालयमा भौतिक वातावरणको अवस्था अध्ययन शीर्षकको शोधपत्र मेरो प्रत्यक्ष निर्देशन र परिवेक्षणमा गर्ने भएको र निजको शोधपत्र र शोध लेखनबाट म सन्तुष्ट रहेकोले उक्त शोधपत्र वाह्य मुल्याङकनका लागि सिफारीस गर्दछु ।

..................................

**स्वास्थ्य शिक्षा विभाग**

**शोधपत्र निर्देशक**

**उप  प्रा. संजीव कुमार यादव**

**जनता बहुमुखी क्याम्पस**

**इटहरी, सुनसरी**

# जनता बहुमुखी क्याम्पस

इटहरी, सुनसरी

**स्थापित :२०४५**

त्रिभुवन विश्वविद्यालय र उ. मा. शि परिषद बाट सम्बन्धन प्राप्त

विज्ञान, मानविकी, व्यवस्थापन, तथा शिक्षाशास्त्र संकाय

---

**स्वीकृति पत्र**

उपरोक्त सम्बन्धमा यस जनता बहुमुखी क्याम्पसको शिक्षाशास्त्र संकाय, स्नातकोक्तर तह (M.Ed) स्वास्थ्य शिक्षा बिभाग (H.Ed) का बिद्यार्थी **सरीता कुमारी चौधरीले** तयार पारेको **"**सामुदायिक विद्यालयमा भौतिक वातावरणको अवस्था अध्ययन" शीर्षकको शोधपत्र शोध निर्देशक तथा सुपरीवेक्षकबाट वाह्य मुल्याङ्कनका लागी सिफारीस भई आएको हुदा निजको शोधपत्र आवश्यक मुल्याङ्कन गरी स्वीकृत गरीएको छ ।

**मुल्याङ्कन समिति**

**सह. प्रा. संजीव कुमार यादव** ......................................

**स्वास्थ्य शिक्षा विभाग** **विभागीय प्रमुख**

**जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी**

**सहायक प्राध्यापक बिरेन्द्र कार्की** ................................

**स्वास्थ्य शिक्षा विभाग** **सुपरीवेक्षक**

**जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी**

....................................

.........................................

**वाह्य सुपरीवेक्षक**

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय स्नात्तकोत्तर तह (एम्. एड्.) द्धितीय वर्षको स्वास्थ्य शिक्षा अन्तर्गत स्वास्थ्य शिक्षा विषयको कोड नं. ५९८ को आंशिक आवश्यक्ता परिपूर्ती गर्नका लागि तयार पारिएको "सुनसरी जिल्लाको सामुदायिक विद्यालयमा भौतिक वातावरणको अवस्था अध्ययन" शीर्षकको शोधपत्रको लागि सुनसरी जिल्लाको गढी गाउँपालिका अन्तर्गत रहेको **श्री माध्यमिक विद्यालय, छिटाहा** र **श्री सरस्वती माध्यमिक विद्यालय, औराबनी** अनुसन्धान क्षेत्रको रुपमा रहेको छ । जसअन्तर्गत भौतिक वातावरणको अवस्था सम्बन्धी विभिन्न पक्षहरुलाई समेटिएको छ । यस अध्ययनको उद्देश्य विद्यालयमा भौतिक वातावरणको अवस्था पत्ता लगाउनु, लक्षित लक्षित विद्यालयमा भौतिक सुविधाको तथ्याङ्क विश्लेषण गर्न तथा विद्यालयका शिक्षक, कर्मचारीहरु र विद्यार्थीहरुको स्वास्थ्यमा पर्न सक्ने असर पत्ता लगाउनु रहेको छ ।

प्रस्तुत शोधपत्र तयार गर्ने सिलसिलामा शीर्षक चयनदेखि लिएर प्रस्तावना लेखन र शोधपत्र तयार गर्ने क्रममा आफ्नो अमूल्य सुझाव, पथ प्रदर्शन र निर्देशन प्रदान गर्नुहुने श्रद्धेय गुरुहरु श्री संजीव कुमार यादव र श्री बीरेन्द्र कार्कीज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । अध्ययन जनसंख्याको रुपमा रहेको श्री माध्यमिक विद्यालय, छिटाहा र श्री सरस्वती माध्यमिक विद्यालय, औराबनीका प्रधानाध्यापकद्धोय शिवचरण साहु र रामकुमार चौधरी, सम्पूर्ण शिक्षक वर्ग, विद्यार्थी लगायत अन्य कर्मचारीहरुका साथै कम्प्युटर प्राविधिक तथा अडिटिङ र प्रिन्टिङमा साथ दिनुहुने क्रमशः रजत गुरागाईं र श्रृजन श्रेष्ठ प्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा मेरो शोधपत्र लेखनको लागि प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

सरीता कुमारी चौधरी
एम्. एड. दोस्रो बर्ष

# सारसंक्षेप

त्रि.वि. शिक्षा शास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तह दोस्रो बर्ष स्वास्थ्य शिक्षा विषय अन्तरगत कोड नं. ५९८ को आंशिक पाठ्यभार पुरा गर्न शोधपत्र तयार पारिएको छ । यस शोधपत्रको शीर्षक सुनसरीको सामुदायिक विद्यालयहरुमा भौतिक वातावरणको अवस्था अध्ययन रहेको छ । यस शीर्षकमा अध्ययन गर्नको उद्धेश्यहरुमा १. सामुदायिक विद्यालयमा अवस्थित भौतिक वातावरणको अवस्था पत्ता लगाउनु २. लक्षित विद्यालयमा भौतिक सुविधाको तथ्यांक विश्लेषण गर्न ३. विद्यालयका शिक्षक, कर्मचारीहरु र विद्यार्थीहरुको स्वास्थ्यमा पर्न सक्ने असर पत्ता लगाउनु रहेको छ ।

यस अध्ययन वर्णनात्मक विधिमा आधारित हुनुका साथै अध्ययन नमुनाको रुपमा सुनसरी जिल्लाको गढी गाउँपालिका अन्तर्गत रहेको श्री माध्यमिक विद्यालय, छिटाहा र श्री सरस्वती माध्यमिक विद्यालय, औराबनी रहेका छन् । सम्भावनायुक्त नमुना छनौट विधि अपनाई दुवै विद्यालयको कक्षा १० मा अध्ययनरत १०३ जना विद्यार्थीहरु मध्येबाट ८५ जना र शिक्षकहरु मध्येबाट ५ जना गरी ९० जनालाई नमुनाको रुपमा छनौट गरिएको छ । साथै प्रश्नावली तयार पारी अन्तरवार्ता विधि अपनाई अनुसन्धानकर्ता स्वयम्को उपस्थितिमा जानकारीहरु संकलन गरिएको छ । यस अनुसन्धानको लागि आवश्यक पर्ने स्रोत संकलनका लागि दुईवटा स्रोतहरुलाई आधार मानिएको छ । जस अन्तर्गत- : प्राथमिक स्रोत- यस शोधपत्र अध्ययनको लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न विद्यालयसंग प्रत्यक्ष सरोकार राख्ने विद्यालयको प्र. अ., विद्यार्थी, शिक्षक, व्यवस्थापन समितिका पदाधिकारी, अभिभावकहरु आदि संग प्रत्यक्ष रुपमा सम्पर्क गरी छलफल, अवलोकन, प्रश्नोत्तर, अन्तरवार्ता आदि माध्यमहरु प्रयोग गरिएको छ भने द्धितीय स्रोत अर्न्तगत विद्यालयसंग प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा सरोकार राख्ने निम्न पक्षहरु जस्तै पत्रपत्रिका, शोध प्रतिवेदन, विशिष्ट विद्धान र विशेषज्ञहरुबाट लिइने आवश्यक परामर्श सल्लाह, विद्यालयको वार्षिक प्रतिवेदन, विद्यालय, जिल्ला शिक्षा कार्यालय आदि बाट प्रकाशित तथा अप्रकाशित लेख रचना यस अध्ययनलाई सफल पार्नको लागि अन्तरवार्ता, क्षेत्र अवलोकन, छलफल र प्रश्नोत्तरलाई तथ्याङ्क संकलनको साधनको रुपमा प्रस्तुत गरिएको छ । तथ्याङ्क संकलनको साधन प्रश्नावली निर्माण गरी दुवै मा. वि. मा भएका शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुसंग प्रत्यक्ष भेटघाट गरी अन्तरर्वाता विधिबाट तथ्यांक संकलन गरिएको छ । तथ्यांक संकलनको कार्य पश्चात तथ्यांकलाई निरीक्षण, सांकेतीकरण गरी Chart बनाइएको छ । साथै तथ्यांकलाई विविध

विधि र प्रक्रिया अपनाई संकलन गरेको तथ्यांकबाट प्राप्त परिणामको आधारमा Table, Diagram, Pie Chart आदिको रुपमा प्रस्तुतीकरण गरी उपलब्ध तथ्यांकहरुको वर्णनात्मक व्याख्या र विश्लेषण गरी शोधपत्र तयार पारिएको छ ।

| शीर्षक | विषय सूची | पेज नं. |
|---|---|---|


घोषणा पत्र i

सिफारीस पत्र ii

स्वीकृति पत्र iii

कृतज्ञता ज्ञापन iv

सारसंक्षेप v

तालिका सूची x

चित्र सूची xi

परिच्छेद -१ परिचय 1

१.१ अध्ययनको पृष्ठभूमी 1

१.२ समस्याको कथन 5

१.३ अध्ययनको उद्देश्य 7

१.४ अनुसन्धान प्रश्न 7

१.५ अध्ययनको उपादेयता 8

१.६ अध्ययनको सीमांकन 9

१.७ अध्ययनमा प्रयोग भएका प्राविधिक शब्दको परिभाषा 9

परिच्छद - २ सम्बन्धित साहित्यको पुनरावलोकन 12

२.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन 12

२.२ संज्ञानात्मक साहित्यको पुनरावलोकन 14

२.३ अध्ययनका लागि पुनरावलोकनको प्रयोग 18

२.४ सैद्धान्तिक तथा धारणात्मक संरचना 19

२.४.१ भौतिक वातावरणको अवस्था 19

२.४.२ खानेपानीको स्रोत 19

२.४.३ सरसफाइको अवस्था 20

२.४.४ आर्थिक अवस्था 20

२.४.५ शिक्षक-कर्मचारी र विद्यार्थी संख्या 20

२.४.६ स्वास्थ्यमा पारेको प्रभाव 20

२.४.७ चमेनागृहको अवस्था 20

२.४.८ शौचालयको अवस्था 20

परिच्छेद - ३ अध्ययनको विधि र तरीका 21

३.१ अनुसन्धान ढाँचा र विधि 21

३.२ जनसंख्या, नमुना र नमुना छनौट रणनीति 21

३.३ तथ्याङक संकलनको स्रोत 21

३.३.१ प्राथमिक स्रोत 21

३.३.२ द्बितीय स्रोत 22

३.४ तथ्यांक संकलनको साधन 22

३.५ तथ्यांक संकलन प्रक्रिया 22

३.६ तथ्यांक व्याख्या र विश्लेषण 22

परिच्छेद - ४ तथ्याङ्कको व्याख्या र विश्लेषण 23

४.१ विद्यालयको जनसाङ्ख्यिक विवरण 23

४.१.१ शिक्षक कर्मचारी विवरण 23

४.१.२ विद्यार्थी विवरण 24

४.१.३ शिक्षक-विद्यार्थी अनुपात 26

४.२ विद्यालयको खानेपानी, चमेनागृह र शौचालय सम्बन्धी विवरण 26

४.२.१ विद्यालयको खानेपानीको स्रोतसम्बन्धी विवरण 26

४.२.२ खानेपानीको स्रोतको सरसफाइ सम्बन्धी विवरण 27

४.२.३ चमेनागृहको विवरण 28

४.२.४ विद्यालयको शौचालय सम्बन्धी विवरण 29

४.२.५ विद्यालयको खानेपानीको स्रोत र शौचालय बीचको दुरी 32

४.३ विद्यालयको फोहोर व्यवस्थापन सम्बन्धी विवरण 33

४.३.१ विद्यालयको ठोस फोहोर व्यवस्थापन विधि 33

४.३.२ विद्यालयको तरल फोहोर व्यवस्थापन विधि 34

४.३.३ विद्यालय सरसफाइका लागि आवश्यक सामग्रीको उपलब्धता 35

४.३.४ कक्षाकोठा तथा खेलमैदान सरसफाइ कार्य तालिका 36

४.४ विद्यालयको खेलमैदान, कक्षाकोठा तथा कम्पाउन्डको भौतिक अवस्था 37

४.४.१ खेलमैदाको अवस्था 37

४.४.२ विद्यालय भवन तथा कक्षाकोठाको भौतिक अवस्था 38

४.५ विद्यालय सरसफाइका क्षेत्रमा प्राप्त नीति तथा कार्यहरुको विवरण 39

४.५.१ विद्यालयमा सरसफाइ कोष तथा सरसफाइ सामग्रीको विवरण 39
४.५.३ विद्यालय सरसफाइका लागि स्थानीय सङ्घ संस्था तथा समुदायको भूमिका 41
४.५.४ विद्यालय रहेको समुदायलाई खुला दिसामुक्त क्षेत्र बनाउन विद्यालयको पहलहरु 42
४.५.५ स्वास्थ्य र सरसफाइयुक्त विद्यालय निर्माण 44
४.६ सारांश 45
४.६.१ नतिजा 46
परिच्छेद - ५ निष्कर्ष र सुझावहरु 49
५.१ निष्कर्ष 49
५.२ सुझावहरु 49
५.२.१ नीति सम्वन्धी सुझावहरु 49
५.२.२ अभ्यास सम्वन्धी सुझावहरु 50
५.२.३ थप अनुसन्धानका लागि संभावित शीर्षकहरु 50
References (ग्रन्थ सुची) 52
अनुसुची 54
अनुसुची १ 54

# तालिका सूची


| तालिका नं. | शिर्षक | पेज नं. |
|---|---|---|
| १. | शिक्षक-कर्मचारी विवरण | २४ |
| २. | विद्यार्थी विवरण | २५ |
| ३. | शिक्षक-विद्यार्थी अनुपात | २६ |
| ४. | खानेपानीको श्रोत | २७ |
| ५. | चमेनगृहको व्यवस्था | २९ |
| ६. | शौचालय तथा युरिनल विवरण | ३० |
| ७. | शौचालयमा पानीको व्यवस्थापन | ३१ |
| ८. | ठोस फोहोर विसर्जन विधि | ३३ |
| ९. | सरसफाइ सामाग्रीको उपलब्धता | ३५ |
| १०. | कक्षाकोठा तथा खेलमैदानको सरसफाइ कार्य तालिका | ३६ |
| ११. | विद्यालयको खेलमैदानको विवरण | ३७ |
| १२. | विद्यालयको भौतिक संरचनाको अवस्था | ३८ |
| १३. | विद्यालय सरसफाइ नीति तथा कार्यक्रमहरु | ४० |

# चित्र सूची


| चित्र नं. | शिर्षक | पेज नं. |
|---|---|---|
| १. | पानीको श्रोतहरु सफागर्ने समयको विवरण | २८ |
| २. | खानेपानी र शौचालय बीचको दुरी | ३२ |
| ३. | तरल फोहोर व्यवस्थापन विधि | ३४ |
| ४. | सरसफाई सामग्रीको विवरण | ३९ |
| ५. | विद्यालय सरसफाइमा स्थानीय समुदायको भूमिका | ४२ |
| ६. | खुल्ला दिसामुक्त क्षेत्र घोषण प्रक्रिया | ४३ |
| ७. | स्वास्थ्य र सरसफाइयुक्त विद्यालय | ४५ |

## परिच्छेद -१

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमी

शिक्षाको उत्पति र विकासक्रमको बिश्लेषण गर्दा प्राचीनकाल, मध्यकाल, र आधुनिककालमा अलग अलग रुपमा हुँदै आएको पाइन्छ । प्राचीनकालमा गुरुकुल शिक्षा प्रणालीको वातावरण थियो र त्यस समयको शिक्षा अनौपचारिक थियो । वास्तवमा विद्यालयको सुरुवात कहिले भएको हो भन्ने किटान पाँइदैन समान्यतया पश्चिमेली सभ्यतामा ग्रीस शिक्षा प्रणाली अनुसार दार्शनिक प्लेटो (Plato) को विद्यालयलाई पहिलो विद्यालय शिक्षाको सुरुवात होला भनेको पाइन्छ, भने पूर्बेली सभ्यतामा बेदकालमा विद्या आश्रमहरुको स्थापना भएको हुनुपर्दछ भनिन्छ । जे होस ढुंगे युगभन्दा पछाडी विद्यालय र विद्यालय शिक्षाको स्थापना र विकास हुँदै आजको अवस्थामा शिक्षा आइपुगेको हो ।

आधुनिक युगमा अगस्ते कम्ते, फ्रेडरीक टायलर, हेनरी फेयल, फोलेट, मायो, ,रुसोफ्रोवेल, मन्टेश्वरी, जन डिवे, र स्पेन्सरजस्ता दार्शनिकहरुले विद्यालय शिक्षालाई विकास गर्न महत्वपूर्ण योगदान दिए । विद्यालय शिक्षाको तीव्र विकासले समाजको सबै वर्गलाई शिक्षित बनाउन सकेन, शिक्षा सभ्रान्त वर्गका लागि मात्र भयो, शिक्षामा समान अवसरहरु प्राप्त हुन सकेन, भनि शिक्षा विद कुम्सले शिक्षाका संकटहरु बताए । इभानइलिच र एभर्ट रेमरले क्रमशः Deschooling society, school is dead जस्ता अवधारणा अघि सारे । पाउलो फेरोले तल्लो वर्गको शिक्षाको न्यायिक समानतामा जोड दिए । यस्ता अवधारणाहरुले औपचारिक शिक्षा सँग सँगै अनौपचारिक शिक्षाको विकासमा जोड दिए (शर्मा एण्ड शर्मा (२०७०) ।

नेपालको शिक्षाको परम्परागत विकासक्रमलाई हेर्दा गुरुकुल शिक्षा प्रणाली र बौद्ध शिक्षा प्रणालीका साथै लिच्छबिकालिन, मल्लकालिन शिक्षा, बाइसे, चौबिसे शिक्षा लगायत नेपालको एकीकरण पश्चात राणाकाल आउनु भन्दा अगाडि सम्मको शिक्षालाई प्राचिन कालका रुपमा लिन सकिन्छ । २००७ सालमा प्रजातन्त्र प्राप्ति भएपछि शिक्षाको विकासका लागि राणाकालको सुरु देखि राणा शासनको अन्त्यसम्मको शिक्षा विकासलाई नेपालको शिक्षा विकासको मध्यकालको रुपमा लिइन्छ । जङ्गबहादुर राणाले बि.स. १९१० साल असोज २७ गते अंग्रेजी प्रारम्भिक स्कुल स्थापना गरे । उक्त स्कुल आफ्नो दरबारको दाखचोक (थापाथली) को भुइ तल्लामा स्थापना भएकाले दरबार स्कुलका रुपमा प्रचलित भयो । प्राचीन संस्कृत र बौद्ध

शिक्षाको परम्परा चलिरहेको अवस्थामा आधुनिक शिक्षा प्रणालीको संस्थागत शिक्षाको नयाँ जग बसाउने क्रममा यही अंग्रेजी शिक्षा नै पहिलो भएको देखिन्छ र उक्त विद्यालय नै सम्भवतः नेपालको पहिलो विद्यालयको रुपमा रहेको पाइन्छ । यो स्कुल राणाको दरबारमा जन्मेर ३८ बर्ष सम्म बिभिन्न दरबारमा संचालन भएको हुनाले यसको नाम दरबार स्कुल रहन गयो । हाल यस स्कुलको नाम परिवर्तन गरी भानु मा.बि. रहन गएको छ (अधिकारी, २०७१) ।

यसरी नेपालको शिक्षाको बिकासक्रमलाई हेर्दा गुरुकुल, बौद्ध शिक्षा, लिच्छबिकालिन हुदै आधुनिक विद्यालय तह सम्मको शिक्षामा आइपुगेको देखिन्छ । यसरी हेर्दा शिक्षा आर्जन र प्रदानको क्रममा प्राचीनकालको अवस्था र आधुनिक वर्तमान अवस्थामा धेरै अन्तर र उत्तार चढाब रहेको देखिन्छ । आधुनिक कालमा शिक्षाको विकास तीब्र गतिमा विकास भएको पाइन्छ । यसरी शिक्षाको तीब्र गतिमा विकास हुनुमा विद्यालयको भौतिक वातावरणले महत्वपूर्ण स्थान ओगटेको पाइन्छ । विद्यालय तहको शिक्षा प्रभावकारी, गुणस्तरीय, समय अनुकुल आदि हुनुमा विद्यालयको भौतिक वातावरणले ठुलो नै हिस्सा ओगटने गर्दछ । विद्यालयमा हुने सबै पक्षहरु सबल, सक्षम र पर्याप्त हुँदा हुँदै पनि भौतिक पक्ष कमजोर भएमा शिक्षाको गुणस्तरमा तथा विद्यार्थीको शिक्षण सिकाइ उपलब्धिमा नकारात्मक असर पर्न सक्छ । विद्यालयको भौतिक पक्ष अन्तर्गत विद्यालय भवन, विद्यालय भवनको रुपरेखा, ढाँचा, संरचना, त्यहाँ उपलब्ध फर्निचर र तिनीहरुको बनावट र रखाई, शौचालय, खानेपानी, खेलमैदान आदि पक्षहरु समावेश हुन्छन् र विद्यार्थीको शिक्षण सिकाइ उपलब्धिमा प्रत्यक्ष रुपमा सरोकार राख्ने यि भौतिक वातावरणले प्रभाब पारिरहेको हुन्छ । भौतिक वातावरणको पक्षलाई कसैले विद्यालय भवन क्याम्पस भवन मात्र भनेको पनि पाईन्छ । तर भौतिक वातावरणभित्र यति मात्र कुराहरु पर्दैनन् । समान्यतया एउटा राम्रो शिक्षण सँस्था भित्र चाहिने सम्पूर्ण भौतिक पक्षहरु यति मात्र हुन्छन् भनि किटान गर्न ज्यादै गाह्रो छ तापनि भौतिक पक्षभित्र विद्यालय भवन र कक्षाकोठा, फर्निचर, शैक्षिक सामाग्री, पुस्तकालय, प्रयोगशाला, खेलमैदान, शौचालय, स्वास्थ्य उपचार, छात्रावास, चमेनागृह, यातायात, आदि पर्दछन् । प्रतिस्प्रधात्मक युगमा भौतिक पक्षहरु यति नै हुन्छ भन्न सकिदैन । विभिन्न विद्यालयमा विभिन्न किसिमका भौतिक वातावरणका पक्षहरु हुन सक्छन् ।

विद्यालयको भौतिक वातावरणलाई सन्तुलन गर्नका लागि विद्यालयले मात्र चाहेर हुदैन यसका लागि विभिन्न निकायहरुको आवश्यक्ता पर्दछ । हरेक विद्यालयको शैक्षक गुणस्तर वृद्धि गर्नका लागि आफ्नो विद्यार्थीलाई सुविधा सम्पन्न भवन तथा त्यससँग सम्बन्धित विविध भौतिक

सुविधाहरु उपलब्ध गराएर शिक्षण सिकाई क्रियाकलाप गर्ने चाहना हुन्छ तर कुनैपनि विद्यालयले चाहदैमा विद्यालयको भौतिक वातावरणको राम्रो व्यवस्था गर्न सक्दैन । यसको ज्वलन्त उदाहरणको रुपमा दुर्गम तथा भित्री ग्रामीण क्षेत्रको अति कमजोर भौतिक वातावरणमा सञ्चालन भएका विद्यालयहरुलाई हेर्न सकिन्छ । विद्यालयको शैक्षिक गुणस्तर र स्वच्छ शैक्षिक वातावरणमा भौतिक पक्षको नङ र मासुको जस्तै सम्बन्ध रहेको हुन्छ । यसर्थ राष्ट्रको शैक्षिक गुणस्तर बृद्धि गर्नका लागि हरेक विद्यालयको भौतिक पक्षको गुणस्तर हुन अति  आवश्यक छ । यसका लागि स्थानीय स्तरमा विद्यालयले पनि विशेष पहल कदम अपनााउनु पर्दछ । तर विद्यालयको भौतिक वातावरण सुधारको लागि एउटा विद्यालयको प्रयास मात्र पर्याप्त हुन सक्दैन । विद्यालयहरुको भौतिक पक्ष सुधारको लागि नेपाल सरकार अन्तर्गत रहेका शिक्षा मन्त्रालय, शिक्षा विभाग, राष्ट्रिय योजना आयोग, क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालय तथा स्वयम् विद्यालय परिवार, विद्यालय व्यवस्थापन समिति, विद्यालय अभिभावक संघ, अभिभावक आदि पक्षहरुको भुमिका महत्वपूर्ण हुने गर्दछ ।

विद्यालयको भौतिक अवस्था सुधार गर्ने क्रममा नेपाल सरकार लगायत अन्य विभिन्न अन्तराष्ट्रिय निकायहरुले पनि विभिन्न योजना परियोजना मार्फत सहयोग पुऱ्याएको पाईन्छ । यसै क्रममा माध्यमिक शिक्षा विकास परियोजना अन्तर्गत एसियाली विकास बैङ्क र संयूक्त अधिराज्यको अन्तराष्ट्रिय विकास विभागले विद्यालयको शैक्षिक तथा भौतिक सुधारमा सहयोग पुऱ्याएको् पाईन्छ । माध्यमिक तहमा गुणस्तर शिक्षाको लागी पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्रीको विकास गर्नुको साथै विज्ञान प्रयोगशाला र उपकरणहरु उपलब्ध गराएको पाईन्छ । त्यसैगरी माध्यमिक शिक्षा सहयोग कार्यक्रम अन्तर्गत एसियाली विकास बैङ्क र डेनिडाले नेपालका विद्यालयहरुको शैक्षिक तथा भौतिक विकासमा सहयोग पुऱ्याएको देखिन्छ ।

विद्यालयको शैक्षिक गुणस्तर वृद्धिमा भौतिक पक्षको आवश्यक्तालाई पनि महसुस गरेर राष्ट्रिय शिक्षा बोर्ड २००९ ले अध्ययन गरी भौतिक अवस्थाहरुको सुधार गर्न प्रतिवेदन पेश गरेको थियो । त्यसै गरी राष्ट्रिय शिक्षा योजना आयोग २०१० ले पनि विद्यालयको भौतिक पक्षको सुधारलाई समावेश गरेको पाईन्छ । राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ ले शिक्षाको गुणात्मक र स्तरयुक्त विकासका लागि भौतिक साधन र शैक्षिक सामग्रीको व्यवस्थापनमा जोड दिएको पाईन्छ । उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर ह्रास हुने प्रमुख कारणहरु मध्ये भौतिक पक्षलाई पनि प्रमुख ठानेको र सामुदायिक विद्यालयमा

भन्दा निजी विद्यालयमा अभिभावक र विद्यार्थीको आकर्षण हुने प्रमुख कारण पनि सामुदायिक विद्यालयमा भएको कमजोर भौतिक पक्षलाइ औंल्याउदै शिक्षाको गुणस्तर वृद्धि गर्नको लागि भौतिक साधन र पक्षको आवश्यक्ता पर्दछ भन्ने कुरा उल्लेख गरेको पाईन्छ । यसका लागि उच्च शिक्षा आयोग प्रतिवेदन २०५५ ले सामुदायिक विद्यालयको भौतिक पक्षको पनि अध्ययन गरि भौतिक साधन र सुविधा सम्पन्न कुनै एक विद्यालयलाई अग्रणी विद्यालयको रुपमा विकास गर्नुपर्ने र आसपासका अन्य विद्यालयलाई उक्त विद्यालयले स्रोत केन्द्रको रुपमा काम गर्नुपर्दछ , भनि एक अग्रणी विद्यालयको स्थापना गर्न सुझाव समेत दिएको थियो । शिक्षा सम्बन्धी उच्च स्तरीय कार्य समिति २०५८, ले अध्ययनको क्रममा सामुदायिक विद्यालयहरुको गुणस्तर वृद्धि हुन नसक्ने विभिन्न १६ वटा कारणहरु मध्ये विद्यालयको भौतिक पक्षको अभावलाई पनि प्रमुख कारणको रुपमा राख्दै शैक्षिक स्तर वृद्धि गर्नका लागि भौतिक पक्षको विकास गर्न सुझाव दिएको पाईन्छ ।

विद्यालयको भौतिक सुविधाको आधारमा वर्गीकरण गर्ने क्रममा (क), (ख), (ग), (घ) गरि वर्गीकरण गरिएको छ । जस अनुसार.(क) श्रेणीको विद्यालयको लागि चाहिने आधारहरुमा ( अपेक्षित सुविधायुक्त अर्थात 'ख' श्रेणीका विद्यालयका पूर्वाधारमा थप हुनुपर्ने सभाकक्ष, सेवाकक्ष (फोन, फ्याक्स, ईमेल) अतिरिक्त क्रियाकलाप कक्ष, क्याफ्टेरिया, एक पटकमा कम्तिमा ५० जना विद्यार्थी बसेर पढन सक्ने छुट्टै पुस्तकालय कोठाको व्यवस्था हुनु पर्दछ, (ख) श्रेणीको विद्यालयको लागि चाहिने आधारहरु (आधारभुत सुविधायुक्त विद्यालय अर्थात (ग) श्रेणीका विद्यालयका पूर्वाधारमा थप हुनुपर्ने, प्रध्यानापक, शिक्षक, कर्मचारी र प्रशासनिक कर्मचारीका लागि छुट्टाछुट्टै कोठाको व्यवस्था, शिक्षक, स्टाफको लागि छुट्टै शौचालयको व्यवस्था, कुनै दुई प्रकारका दैनिक प्रत्रिकाहरु सहितको एक पटकमा कम्तीमा ३० जना विद्यार्थी बसेर पढन् सक्ने छुट्टै पुस्तकालय कोठाको व्यवस्था, भलिबल खेल्न मिल्ने खेल मैदानको अतिरिक्त सम्पूर्ण विद्यार्थी एकैसाथ उभिन सक्ने कम्पाउण्डको व्यवस्था, छुट्टै विज्ञान प्रयोगशाला कोठाको व्यवस्था, विद्यालयमा कम्प्युटर विषय राखेको भए छुट्टै कम्प्युटर कक्षको प्राथमिक व्यवस्था, उपचार कक्षको व्यवस्था हुनुपर्दछ, (ग) श्रेणीको विद्यालय (अर्थात आधारभुत सुविधायुक्त विद्यालय) को लागि चाहिने पूर्वाधारहरु कक्षाकोठाहरु पूर्व प्राथमिक र प्राथमिक तहको हकमा प्रति वर्ग विद्यार्थी मिटर, ०.७५ निम्न माध्यमिक तहको हकमा १.०० वर्ग मिटर, हावाको राम्रो प्रवाह र यथेस्ट प्रकाश भएका कक्षाकोठाहरु, विद्यार्थी सङ्ख्याको आधारमा सवैलाई पुग्ने डेक्स वेन्च, छात्रछात्रा र शिक्षकको लागि कम्तिमा ३ वटा छुट्टाछुट्टै शौचालय र प्रत्येक थप ५० जना

विद्यार्थीका लागि १ कम्पार्टमेन्ट थप, यथेष्ट खानेपानीको व्यवस्था, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका सहितको एक विद्यार्थी बराबर कम्तिमा २ पुस्तक भएको पुस्तकालय, प्रति कक्षामा कालोपाटी र अन्य आवश्यक शैक्षिक सामग्री, सबै विद्यार्थी एकै पटक उभिन सक्ने आँगन, भलिवल खेल्न मिल्ने खेल मैदान, पाठ्यक्रम अनुसारको विज्ञान सामग्रीको व्यवस्था, प्राथमिक उपचार सामग्रीको व्यवस्थापन हुनुपर्ने र (घ) श्रेणीको विद्यालय (अर्थात् न्युन सुविधाका विद्यालय) आधारभुत सुविधा पुरा नभएको विद्यालयहरु पर्दछन् (शिक्षा नियमवाली २०५९) ।

सामुदायिक विद्यालयको वर्तमान भौतिक पक्षलाई हेर्ने हो भने विद्यालयहरु थोरै मात्र भौतिक स्रोत र साधनले सम्पन्न भएको पाईन्छ । जसमा पनि भौतिक साधन र स्रोत सम्पन्न भएका विद्यालयहरु अधिकांश शहर केन्द्रित र सदरमुकाम केन्द्रित विद्यालय रहेका छन् । भौतिक वातावरण राम्रो भएका विद्यालयहरु पनि पूर्ण रुपमा भुकम्प प्रतिरोधात्मक, अपाङ्ग मैत्री, बालमैत्री, भएको थोरै पाइन्छ । अधिकांश ग्रामीण भेगमा रहेका सामुदायिक विद्यालयहरुको भौतिक संरचना कमजोर बालमैत्री, अपाङ्ग मैत्री साथै अन्य सुविधा जस्तैः खानेपानी, शौचालय, खेलमैदान, पुस्तकालय, चमेनागृह, आदि पर्याप्त सुविधाहरु देखिदैनन् ।

यसर्थ विद्यार्थीको शिक्षण सिकाई उपलब्धि हासिल गर्ने क्रममा विद्यालयको भौतिक वातावरणले के कस्तो भुमिका खेल्ने गर्दछ र विद्यालय तहको शिक्षामा विद्यालयको भौतिक वातावरणको अवस्था के कस्तो छ र के कस्ता समस्याहरु छन् र त्यसका समाधानका उपायहरु के हुन सक्छन् भन्ने कुरा खोज्ने प्रयास यो अध्ययनले गरेको छ ।

## १.२ समस्याको कथन

बालबालिकाहरुको सिकाइ उपलब्धि हासिल गर्ने पहिलो संस्था घरपरिवार हो, भने दोस्रो महत्वपूर्ण र औपचारिक संस्था भनेको विद्यालय हो । विद्यालय शिक्षा सफल, गुणस्तरीय तथा प्रभावकारी बनाउनको लागि एकातिर विभिन्न राष्ट्रिय तथा अन्र्तराष्ट्रिय संघसंगठन, संस्था तथा दातृ निकायहरु लागि परिरहेको देखिन्छ भने अर्कातिर राष्ट्रिय योजनाको रुपमा अगाडि बढी नेपाल सरकार, शिक्षा मन्त्रालय र शिक्षासँग सम्बन्धित मातहतका निकायहरु सक्रिय रुपमा विद्यालय शिक्षामा सहभागी भई विद्यालय शिक्षाको उन्नती गर्न लागि परेर राष्ट्रिय बजेटको एक हिस्सा विद्यालय शिक्षामा लगानी गरेको पाइन्छ तर पनि नेपालको विद्यालय शिक्षामा नेपाल सरकार, समुदाय, तथा अभिभावकहरुले चाहे अनुसार फस्टाउन सकेको देखिदैन् ।

नेपालको शिक्षाको गुणस्तर वृद्धिमा तथा शिक्षण सिकाईमा भौतिक वातावरणको महत्वपुर्ण स्थान हुन्छ र सामुदायिक विद्यालयहरुमा भौतिक व्यवस्थापन एक चुनौती र समस्यामुलक रहेको छ भन्ने कुरा बर्षेनी नेपाल सरकारले शिक्षा क्षेत्रमा लगानी गरी विभिन्न जातजाती जस्तै : दलित, सिमान्तकृत तथा अपाङ्ग ,छात्रा आदि समुहहरुलाई छात्रवृत्ति प्रदान गरी शिक्षाप्रति सबैलाई समेटेर शिक्षाको गुणस्तर वृद्धि गर्ने प्रयास गर्दा पनि सफल हुन नसक्नुमा सामुदायिक विद्यालयमा भएको भौतिक वातावरण र व्यवस्थापन नै एक कारक तत्वको रुपमा रहेको पाईन्छ । त्यसैगरि अभिभावक र विद्यार्थीहरुको सामुदायिक विद्यालयको सट्टा निजी विद्यालयप्रति आर्कषण बढ्नुका विविध कारणहरुमध्ये एउटा भौतिक वातावरणलाई पनि लिन सकिन्छ । विद्यालयको प्रभावकारी शिक्षण सिकाईमा भौतिक वातावरण एक समस्याको रुपमा रहेको कुरा पनि प्रष्ट हुने गर्दछ । जस्तै अधिकांश सामुदायिक विद्यालयमा भुकम्प प्रतिरोधात्मक भवनहरु हुन नसक्नु, सामुदायिक विद्यालयमा फराकिलो र आकर्षक कक्षाकोठाको व्यवस्थापन हुन नसक्नु, सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा फर्निचर (डेक्स बेन्च) को प्रर्याप्त व्यवस्था हुन नसक्नु र भएपनि वालमैत्री , अपाङ्ग मैत्री हुन नसक्नु, एक्काईसौ शताव्दीको अन्त्यमा आईपुग्दा पनि अधिकांश ग्रामीण विद्यालयहरुमा कालोपाटी र चकको प्रयोग गर्नु सामुदायिक विद्यालयमा छात्रामैत्री शौचालयहरुको उचित व्यवस्था हुन नसक्नु, विद्यालयमा उचित घेराबेराको व्यवस्था हुन नसक्नु, विद्यालय भवन तथा कक्षाकोठा अपाङ्ग मैत्री हुन नसक्नु आदि ।

यसरी हेर्दा विद्यालयको शिक्षण सिकाईमा भौतिक व्यवस्थापन एक समस्याको रुपमा रहेको पाईन्छ । विद्यालयमा देखिएका भौतिक सुविधा तथा व्यवस्थापन सम्बन्धी समस्या प्रत्यक्ष रुपमा विद्यालयका प्रध्यानापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावकसँग सम्बन्धित देखिएता पनि नेपाल सरकार अन्तर्गत रहेका शिक्षा मन्त्रालय, शिक्षा विभाग, जिल्ला शिक्षा कार्यालयसँग पनि सम्बन्धित हुने गर्दछ किनभने प्रध्यानापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिले चाहेर पनि पर्याप्त बजेटको अभावमा विद्यालयको भौतिक वातावरण तथा व्यवस्थापन राम्रो सँग गर्न सक्दैनन् । विद्यालय तहको शिक्षा गुणस्तरीय तथा जनमानसमा लोकप्रिय हुन नसक्ने विभिन्न कारणहरु हुन सक्छन् । जस्तैः सामजिक, आर्थिक, राजनैतिक, भौगोलिक आदि । यस्ता विद्यालय तहको शिक्षाको गुणस्तर र शिक्षण सिकाई प्रभावकारी हुन नसक्ने यस्ता धेरै कारण र समस्याहरुमध्ये नेपालको वर्तमान विद्यालय तहमा रहेका भौतिक वातावरण पनि एक हो । यसर्थ विद्यालय तहमा रहेको शिक्षाको गुणस्तर बृद्धिमा देखापरेको धेरै समस्याहरु मध्ये

भौतिक वातावरण र व्यवस्थापनलाई एक प्रमुख र जटिल समस्याको रुपमा लिई भौतिक पक्षले विद्यालय तहको शैक्षिक गुणस्तरमा निम्त्याएको समस्या र त्यसको उजागर गर्ने प्रयास गरी यसैको वरिपरि रहेर शोधपत्र अनुसन्धान गर्ने प्रयास गरिएको छ । यस शोधपत्र अनुसन्धानले भौतिक वातावरणप्रति शिक्षक र विद्यार्थीहरुमा रहेको धाराणा, विद्यार्थीहरुमा भौतिक वस्तुहरुको उचित वातावरणले मनोवैज्ञानिक पक्षमा पारेको प्रभाव के कस्तो छ भन्ने समस्याहरुमा जोड दिएको छ । उपरोक्त तथ्यहरुलाई मुख्य समस्याको रुपमा लिएर यो शिक्षण सिकाईमा "सुनसरीको सामुदायिक विद्यालयमा भौतिक वातावरणको अवस्था" शीर्षकको माध्यमबाट अध्ययन अगाडी बढाइएको छ ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्य निम्न बमोजिम रहेको छ :

१.३.१ विद्यालयमा भौतिक वातावरणको अवस्था पत्ता लगाउनु ।

१.३.२ लक्षित विद्यालयमा रहेको भौतिक सुविधाको तथ्यांक विश्लेषण गर्न र अवस्था पत्ता लगाउनु ।

१.३.३ विद्यालयका शिक्षक, कर्मचारीहरु र विद्यार्थीहरुको स्वास्थ्यमा पर्न सक्ने असर पत्ता लगाउनु ।

## १.४ अनुसन्धान प्रश्न

कुनै पनि अनुसन्धान गर्नको लागि उद्देश्य माथि केन्द्रित रहेर विभिन्न किसिमका अनुसन्धान प्रश्नको निर्माण गरिएको छ । त्यस्तै गढी गाउँपालिकाको सामुदायिक विद्यालयहरुमा भौतिक वातावरणको अवस्था शीर्षकमा अध्ययन गर्नको लागि निम्नलिखित अनुसन्धान प्रश्नहरु निर्माण गरिएको छ ।

१.४.१ सामुदायिक विद्यालयमा भौतिक वातावरणको विद्यमान अवस्था के छ ?

१.४.२ विद्यालयको भौतिक वातावरण कायम राख्न कस्ता भौतिक सुविधाहरू उपलब्ध छन ?

१.४.३ भौतिक कार्यान्वयनमा के समस्या र सुधारात्मक उपायहरू छन् ?

## १.५ अध्ययनको उपादेयता

मानिसहरुको सामाजिक, आर्थिक, पारिवारिक, धार्मिक, शैक्षिक, अवस्था र व्यवहारसंग प्रत्यक्ष सम्पर्क रहेको हुन्छ । कुनै एक पक्षमा विचलन आएमा अन्य पक्षमा प्रभाव पर्न जान्छ । त्यस्तै भौतिक वातावरणलाई मानव जीवनमा अति महत्वपुर्ण आवश्यक्ताको रुपमा चिनिन्छ । तसर्थ अहिलेको वर्तमान परिस्थितिमा भवन, कक्षाकोठाको व्यवस्थापन, चमेनागृह र शौचालयमा पानी सहितको शौचालय हुन आवश्यक छ । विद्यालय जस्तो महत्वपुर्ण ठाउँमा त झनै भौतिक वातावरण स्वच्छ तथा सफा हुनु आवश्यक छ । त्यसैले सुनसरी जिल्ला गढी गा. पा. मा रहेको श्री माध्यमिक विद्यालय र श्री सरस्वती माध्यमिक विद्यालयमा के कस्ता संरचना विद्यमान छन् ? वातावरणीय संरचना कस्तो छ ? यसबारे जानकारी प्राप्त गर्नु पर्दछ । प्रस्तुत अध्ययन पनि स्थलगत हुने भएकोले यसमा यस्तै पक्षहरु पत्ता लगाउन गरिने हुनाले यसको उपादेयता निम्नानुसार प्रस्तुत गरिएको छ ।

१.५.१ यस अध्ययनले सुनसरी जिल्ला गढी गा. पा. मा रहेको श्री माध्यमिक विद्यालय र श्री सरस्वती माध्यमिक विद्यालयमा सामाजिक तथा वातावरणीय अवस्था पहिचान गरी विद्यालयमा कार्यरत शिक्षक-कर्मचारी लगायत अध्ययनरत विद्यार्थीहरुमा स्वास्थ्य सम्बन्धि ज्ञान हासिल गरी उच्चतम स्वास्थ्य स्तर प्राप्तिका लागि थप सहयोग पुऱ्याएको छ ।

१.५.२ यस अध्ययनले विद्यालयमा भौतिक वातावरणको अवस्था जस्तै : भवन, कक्षाकोठाको व्यवस्थापन, शौचालय, चमेनागृहको सरसफाइको अवस्था र स्वास्थ्यमा पार्न सक्ने असरसँग सम्बन्धित विभिन्न किसिमका कार्यक्रमहरु सञ्चालन गर्न सहयोग पुऱ्याएको छ ।

१.५.३ यस अध्ययनले विभिन्न सरकारी, गैरसरकारी लगायत राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुलाई सामुदायिक विद्यालयमा भौतिक वातावरणको अवस्था थाहा पाउन र कार्यक्रम सञ्चालन गर्न सहयोग पुऱ्याएको छ ।

१.५.४ यस अध्ययनले विद्यालयमा भौतिक वातावरणको अवस्था सुदृढ गर्न सहयोग पुऱ्याएको छ ।

१.५.५ यस अध्ययनले विद्यालयमा शौचालय तथा चमेनागृहको सरसफाइको अवस्था सुधार गर्न सहयोग पुऱ्याएको छ ।

१.५.६ यस अध्ययनले अनुसन्धानकर्ता र शिक्षित व्यक्तिहरुलाई भौतिक वातावरण सम्बन्धी पछिल्लो अध्ययन गर्न सहयोग पुऱ्याएको छ । उपर्युक्त कुराहरुमा सहयोग पुऱ्याउने स्वास्थ्यसंग प्रत्यक्ष वा परोक्ष रुपमा सम्बर्द्धन राख्ने पक्षहरुको अध्ययन गर्न र यसतर्फ सहयोगी भूमिका निर्वाह गर्न र योजना तर्जुमा तथा नीति निर्माण कार्यान्वयनमा यसको महत्व झल्कने अपेक्षा गरिएको छ ।

## १.६ अध्ययनको सीमांकन

यस अध्ययन तथा अनुसन्धान कार्य सम्पन्न गर्नको लागि सबै ठाउँमा सबै कुराहरु एकत्रित गर्न नसकिने हुनाले यस अध्ययन क्षेत्रका सम्पुर्ण पक्षलाई पुर्ण रुपमा समेट्न सक्दैन । त्यसैले यसका निश्चत समस्यालाई सीमित गरि स्रोत र साधनले भ्याउन सक्ने गरि अध्ययनलाई अग्रगति दिनुपर्दछ । यस अध्ययनपछि समय, स्रोत र साधनका निश्चित सीमितता छन जसलाई निम्नलिखित कार्यक्षेत्र तथा क्षेत्रमा सीमांकन गरिएको छ :

१.६.१ सुनसरी जिल्ला गढी गा. पा. मा रहेको श्री माध्यमिक विद्यालय र श्री सरस्वती माध्यमिक विद्यालयलाई मात्र अध्ययनमा समावेश गरिएको छ ।

१.६.२ भौतिक वातावरणको अवस्था सम्बन्धी अध्ययनमा विद्यालयका ५ जना शिक्षकहरु तथा ८५ जना विद्यार्थीहरुबाट तथ्याङ्क संकलन गरिएको छ ।

१.६.३ यस अध्ययनमा भवन, कक्षाकोठाको व्यवस्थापन, शौचालय, चमेनागृह सरसफाइको अवस्था, र स्वास्थ्यमा पार्न सक्ने असरसंग सम्बन्धित रहेका छन ।

## १.७ अध्ययनमा प्रयोग भएका प्राविधिक शब्दको परिभाषा

यो अध्ययन प्रस्तावना तयार पार्ने कममा प्रयोग भएका शब्दहरुलाई यहाँ परिभाषा सहित संक्षेपमा निम्नानुसार उल्लेख गरिएको छ :

**अनुसन्धान**

अनुसन्धान भनेको त्यो व्यवस्थित र विश्लेषण तथा नियन्त्रित अवलोकनको अभिलेख राख्ने कार्य हो, जसले कुनै विशेष प्रकृयाको प्रभाव अथवा कारणका रुपमा रहेका विभिन्न घटनाको सामान्यीकरण गरी सिद्धान्तको विकासमा सघाउ पुऱ्याउँदछ ।

**स्वास्थ्य**

मानव शरीर अंगभंग नभई, कुनै पनि रोगको उपस्थिति बिना, आफुले दैनिक क्रियाकलाप गर्न सक्नुको साथै शारीरिक, मानसिक र सामाजिक रुपले तन्दुरुस्त हुनुलाई स्वास्थ्य भनिन्छ ।

**रोग**

मानव शरीरको कुनै पनि भाग अथवा अंगले दैनिक कार्यमा बाधा पुग्नु वा कार्य गर्न नसक्ने अवस्थालाई रोग भनिन्छ ।

**झाडापखाला**

झाडापखाला आफैमा रोग नभई अरु विभिन्न रोगहरुको लक्षण हो । सामान्यतया २४ घण्टामा ३ वा सो भन्दा बढी पटक पानी जस्तो पातलो दिसा हुनुलाई झाडापखाला भनिन्छ ।

**विद्यालय स्वास्थ्य**

विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी तथा अध्ययनरत विद्यार्थीहरुको स्वास्थ्यप्रतिको ज्ञान, अभिवृत्ति र व्यवहारमा सकारात्मक परिवर्तन गरी उनीहरुको स्वास्थ्य अवस्थालाई संरक्षण संवर्द्धन र विकसित गर्नु नै विद्यालय स्वास्थ्य हो ।

**वातावरणीय सरसफाइ**

वातावरणमा भएको प्रदुषित तत्वहरुको निवारण गरी स्वच्छ तथा स्वस्थ स्थिति पैदा गरी मानव जीवनका लागि उपयुक्त सिर्जना गर्नुलाई वातावरणीय सरसफाइ भनिन्छ ।

**सरसफाइ**

सरसफाइ भन्नाले व्यक्तिका क्रियाकलापबाट दिगो रुपमा गुणस्तरीय जीवन कायम गरी स्वस्थ रहने उपाय हो ।

**सुरक्षित पानी**

मानवीय क्रियाकलाप सम्पन्न गर्नका लागि प्रसस्त मात्रामा हानि रहित तथा Risk कम भएको, मानव स्वास्थ्यलाई असर नपार्ने पानीलाई सुरक्षित पानी भनिन्छ ।

**पानी शुद्धिकरण**

दुषित पानीबाट त्यसमा भएको हानिकारक रसायनिक पदार्थ, प्रदुषण र हानीकारक ग्यास तथा त्यसमा भएको ठोस तथा अन्य फोहोरमैला हटाई मानिसको स्वास्थ्यलाई असर नपुऱ्याउने गरी पिउन योग्य पानी बनाउने प्रक्रियालाई पानी शुद्धिकरण भनिन्छ ।

## भौतिक वातावरण

भौतिक वातावरण भनेको व्यक्तिहरु बस्ने, सिक्ने, काम गर्ने र खेल्ने ठाउँ हो । जहाँ मानिसहरुले सास फेर्ने हावा, पिउने पानी र वरिपरी आदिलाई बुझाउदछ ।

# परिच्छद - २

# सम्बन्धित साहित्यको पुनरावलोकन

पहिले गरिएको अध्ययन तथा अनुसन्धान बाट प्राप्त भएका जानकारीहरुलाई सैद्धान्तिक र संज्ञानात्मक साहित्यको पुनरावलोकन भनी दुईवटा खण्डमा विभाजन गरी यस परिच्छेदमा उल्लेख गरिएको छ । जुन साहित्यको पुनरावलोकनले अध्ययनको क्रममा विषयवस्तु छनौट, उद्देश्य निर्धारण लगायत तथ्यांक संकलन तथा विश्लेषण गर्ने कार्यमा सहयोग पुऱ्याएको छ । तसर्थ यस अध्ययनको क्रममा निम्नलिखित साहित्यको अध्ययन गरिएको छ :

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

आजको विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण तयार गर्ने जम्मेवारी शिक्षा क्षेत्रमा कार्यरत सबै पक्षको उतिकै रहेको हुन्छ । राष्ट्रको भोलिको जनशक्ति भनेकै आजका विद्यार्थी हुन् । विद्यालय तहमा नै गुणस्तरीय शिक्षा तथा व्यवहारिक ज्ञान हासिल गर्न सकेमा मात्र भोलिका कर्मठ र कर्णधार भएर राष्ट्रको लागि शिर ठाडो पारेर उभिनेछन् । शिक्षक वास्तवमा मानिसको निर्माता हो । राष्ट्रको निर्माता हो । यस कार्यको लागि शिक्षक एक्लैले सम्पूर्ण कार्य गर्न अस्मभव हुन्छ । उसको अगाडि विद्यालयको भौतिक स्रोत र साधन तथा त्यसको उचित व्यवस्थापन पनि उत्तिकै महत्वपूर्ण हुन आउछ । विद्यालयको भौतिक व्यवस्थापन सक्षम भएको खण्डमा विद्यार्थीको शैक्षिक उपलब्धिमा विशेष सहयोग पुऱ्याउन मद्दत पुग्न सक्दछ । प्रस्तुत शीर्षकमा हाल सम्म विशिष्टिकृत रुपमा पूर्ण अध्ययन गरिएको नभएता पनि यस अध्ययनसँग सम्बन्धित आंशिक अध्ययन, पाठ्यपुस्तक, पत्रपत्रिका, लेख तथा रचनाहरुलाई पुनरावलोकनको रुपमा अध्ययन गरिएको छ ।

शिक्षा सँग आवश्यक उद्देश्यहरु पूरा गर्न पनि जति स्रोत र साधन आवश्यक्ता पर्दछ त्यसलाई भौतिक वातावरण भनिन्छ । भौतिक वातावरण नभई शिक्षक, विद्यार्थी जस्ता मानवीय लगानीले कुनै पनि क्रियाकलाप गर्न सक्दैनन् । जस्तै : घर निमार्णको लागि ढुङ्गा, बालुवा, सिमेन्ट आदि थुपार्दैमा भवन निमार्ण हुदैन त्यसलाई आवश्यक्ता अनुसार ती वस्तुहरुको प्रयोग गर्न जान्नु पर्दछ त्यसैले शिक्षा लाई गुणस्तरीय र जीवन उपयोगी बनाउनका लागि विभिन्न स्रोत र साधनको आवश्यक्ता पर्दछ । भौतिक वातावरणमा विद्यालय भवन वा क्याम्पस भवन सँग

दाज्न मात्र मिल्दैन । सामन्यतया एउटा राम्रो शिक्षण संस्थाभित्र चाहिने भौतिक वातावरणभित्र यति मात्र हुन्छन भनी किटान गर्न ज्यादै गाह्रो पर्दछ । समग्र विद्यालय व्यवस्थापनका लागि विद्यालय भित्रका सेवा सुविधाहरुको उचित व्यवस्थापन हुन सकेमा सिकाई उपलब्धि गुणस्तरीय बन्न सक्दछ । विद्यालय वातावरणको रुपमा नयाँ प्रविधिको विकास सँगसँगै भौतिक वातावरणलाई विशेष जोड दिएमा शिक्षण सिकाई क्रियाकलाप र उपलब्धि सकारात्मक दिशातर्फ अगाडि बढ्न सक्दछ (शर्मा एण्ड शर्मा, २०७०) ।

विद्यार्थीको सिकाई उपलब्धि हासिल गर्न साथै उनीहरुको चौतर्फी विकासको लागि विद्यार्थी अनुपात शिक्षक व्यवस्थापन कक्षाकोठा र फर्निचर व्यवस्थापन, विद्यार्थी अनुपातमा खेलमैदानको व्यवस्था, खेलकुद सामग्रीको प्रर्याप्तता पुस्तकालयमा आवश्यक पुस्तकका व्यवस्था आदि हुनुपर्दछ । शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थीहरुलाई सिकाईप्रति मनोवैज्ञानिक वातावरण सृजना गर्न नसकिएमा शिक्षण सिकाई कार्य अर्थपूर्ण र प्रभावकारि नहुन सक्छ । तसर्थ शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थीहरुलाई सिकाई प्रति मनोवैज्ञानिक ढंङवाट प्रेरित गर्नका लागि कक्षाकोठा देखि विद्यालय वातावरण समग्र पक्षको भौतिक व्यवस्थापन र सुविधा सम्पन्न हुन जरुरी हुन्छ । भौतिक वातावरणले विद्यार्थीहरुमा सिकाई प्रतिको उत्तेजना जागृत गराउने पुनर्वलीय शक्तिको रुपमा भूमिका खेलेको हुन्छ (बिष्ट, २०६७) ।

विद्यालयमा विद्यार्थीहरुको चौतर्फी विकासका लागि अति आवश्यक रुपमा खेलकुद लाई लिईन्छ । जसले विद्यार्थीहरुको शारीरिक, मानसिक, र संवेगात्मक विकासमा सहयोग पुऱ्याउँदछ । यि सम्पूर्ण कार्य गर्नका लागि विद्यालयमा विद्यार्थी अनुपातका आधारमा खेलमैदान अति आवश्यक पर्दछ । सामुदायिक विद्यालयमा विद्यार्थीहरुलाई आकर्षित गर्नका लागि पढाईको साथसाथै विद्यार्थीहरुलाई मनोरञ्जन पनि दिन सक्नुपर्छ । समय समयमा अतिरिक्त क्रियाकलापमा सहभागी गराउनुपर्दछ । जसले गर्दा विद्यार्थीहरुको ज्ञानको माध्यम फराकिलो र सिकाई प्रभावकारी हुन्छ (पौडेल, २०६७) ।

एउटा घोडालाई डोऱ्याएर पानीसम्म पुऱ्याउन त सकिएला तर उसलाई बलजफत्ती पानी खुवाउन सकिदैन भनेझैं सिक्नको लागी उचित रुपमा विद्यालय तथा कक्षाकोठाको भौतिक वातावरण नभएसम्म बालबालिकाहरुलाई सिकाईमा उत्प्रेरित गराउन सकिदैन् । त्यसैले शिक्षण सिकाई क्रियाकलापको लागि मनोवैज्ञानिक रुपमा बालबालिकाहरु उत्साहित नभएसम्म सिकाई उपलब्धि राम्रो हुन सक्दैन । शिक्षण सिकाई प्रकृियामा त्यसलाई ध्यान दिएर उपयुक्त मनोवैज्ञानिक वातावरण सृजना गर्न नसकिएमा शिक्षण सिकाई कार्यका अर्थपूर्ण र प्रभावकारी

नहुन सक्दछ । तसर्थ, शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थीहरुलाई सिकाईप्रति मनोवैज्ञानिक ढंगवाट प्रेरित गर्नको लागि कक्षाकोठादेखि विद्यालय वातावरण अन्तर्गत सम्मको समग्र पक्षको भौतिक व्यवस्थापन र सुविधा हुन जरुरी हुन्छ । यस अन्तर्गत विद्यार्थी सङ्ख्याको आधारमा कक्षाकोठाको आकार, प्रकाश दिने झ्यालढोका, उमेर अनुसारको डेक्स वेन्च, बिजुलीको व्यवस्था आदि गरिनुपर्दछ (अधिकारी, २०६८) ।


नेपालको अधिकांश विद्यालयहरुको आर्थिक अवस्था ज्यादै दयनीय अवस्थामा रहेका् छन । जुन विद्यालयहरुको भौतिक अवस्था राम्रो छ त्यस्ता विद्यालयको कक्षाकोठाको व्यवस्थापन पठनपाठनयुक्त बनाउनुपर्दछ भने भौतिक सम्पन्नता नभएका विद्यालयहरुमा भौतिक पक्षको व्यवस्था गर्नुपर्ने हुनाले कक्षाकोठाको वातावरण अन्तर्गत विद्यार्थी संख्याको आधारमा कक्षाकोठाको आकार, हावा, प्रकाश छिर्ने झ्यालढोका, विद्यार्थी संख्याको आधारमा ,डेस्क बेञ्च, प्रशस्त उज्यालो, रात्री विद्यालयको लागि बिजुलीको व्यवस्था, जाडो मौसममा हिटर तथा गर्मी मौसममा पङ्खाको व्यवस्था तथा कालोपाटी/सेतोपाटी आदि पर्ने हुदा यिनिहरुको उचित व्यवस्था गर्नुपर्दछ (शर्मा एण्ड शर्मा, २०६९) ।

## २.२ संज्ञानात्मक साहित्यको पुनरावलोकन

निश्चित अवधारणा बिना कुनै पनि अनुसन्धान सफल हुन सक्दैन । त्यसैले अनुसन्धानका लागि विभिन्न सिद्धान्तको आधार लिनु पर्दछ । यस शोधपत्रको प्रमुख उद्धेश्य भनेकै विद्यालयमा भौतिक वातावरणको अवस्था पत्ता लगाउनुको साथै उक्त उद्धेश्य हासिल गर्नका लागि यो अध्ययनले निम्न सिद्धान्तमा आधारित रहेर अध्ययनलाई सरल, सहज र प्रष्ट पार्ने प्रयास गरेको छ । जसका लागि प्राथमिक तथ्याङ्क स्रोतलाई आधार मानि आवश्यक्ता अनुसार र प्राथमिक तथ्याङ्क पर्याप्त नभएको अवस्थामा द्धितीय तथ्याङ्क र स्रोतलाई प्रयोग गर्दै अध्ययनलाई प्रष्ट पार्ने प्रयास गरिएको छ ।

कुनै पनि कार्य गर्नका लागि व्यक्तिहरुलाई भित्रैदेखि ईच्छा लाग्नुपर्छ अनि मात्र कार्य पुरा हुन्छ । कार्यलाई सफल बनाउन उत्प्रेरणाको आवश्यक्ता पर्दछ । उत्प्रेरणाले व्यक्तिलाई कुनै कार्य गर्न गर्नका लागि मनाउने गर्दछ । उत्प्रेरणाले कुनै कार्य गर्नका लागि हौसला प्रदान गर्दछ । उत्प्रेरणाको सन्दर्भमा मास्लोको उत्प्रेरणा आवश्यक श्रृङ्खलाको सिद्धान्तलाई लिन सकिन्छ । मास्लोले आफ्नो क्लिनिकमा आएका बिरामीहरुसँगको अन्तरक्रियाको अनुभवबाट आफनो सिद्धान्तको विकास गरेका हुन् । उनले कुनै पनि कार्य गर्नका लागि सबैभन्दा पहिला

मानिसहरुलाई आफ्नो तल्लो आवश्यक्ता (शारीरिक आवश्यक्ता ) महसुस हुन्छ । त्यस पछि क्रमशः एक पछि अर्को आवश्यक्ताहरु बढ्दै जान्छ । आवश्यक्ता बढ्दै जाँदा सन्तुष्टि पनि प्राप्त गर्दै जानुपर्छ भन्ने मान्यतामा उनको सिद्धान्तमा आधारित रहेको छ । मास्लोले मानवीय आवश्यक्ताहरुलाई पाँच भागमा विभाजन गरेको छ ।




मास्लोको मानवीय आश्यकता सिद्धान्त

सबैभन्दा पहिला व्यक्तिलाई बाच्नको लागि शारीरिक आवश्यक्ता पर्दछ । यसअन्तर्गत खाना, पानी, आवास, आराम र अन्य जैविक आवश्यक्ता पर्दछ । क्रमशः आवश्यक्ता पुरा भएपछि व्यक्तिलाई सुरक्षाको आवश्यक्ता पर्दछ । यस भित्र खराब स्वाथ्य, आर्थिक तहस नहस र त्यस्तै अकल्पनिय घटनाहरुवाट जोगाउन आवश्यक्ता पर्दछ । यि आवश्यक्ता पुरा भएपछि सामाजिक, अहम र आत्मा सन्तुष्टिको आवश्यक्ता क्रमशः बढ्दै जान्छ भन्ने कुरा मास्लोले आफ्नो सिद्धान्तमा भनेका छन् । यस बाट के प्रष्ट हुन्छ भने मानिसको आवश्यक्ताहरु उसका सन्तुष्टि र कार्यका आधारमा बढ्दै जान्छ र जसबाट उसलाई कार्यको आधारमा उत्प्रेरणा पनि बढ्दै जान्छ जसरी मास्लोको आवश्यक्ता श्रृङ्खला सिद्धान्तले व्यक्तिलाई कार्यमा उत्प्रेरित गर्न सबैभन्दा पहिला शारीरिक आवश्यक्ता पुरा गर्नु पर्दछ भनेका छन् त्यसरी नै विद्यालयमा विद्यार्थीहरुलाई उत्प्रेरणा जगाई शिक्षण सिकाई प्रभावकारी बनाउनको लागि भौतिक पक्षको

आवश्यक्ता पर्दछ । जस अन्तर्गत आरामदायी डेक्स-बेन्च, फराकिलो कक्षाकोठा, कालोपाटी वा सेतोपाटी, सफा सुन्दर र हावादार कक्षाकोठा आदिको आवश्यक्ता पर्दछ । जसरी मास्लोले व्यक्तिको आवश्यक्ता एकपछि अर्को गर्दै बढ्दै जान्छ भन्ने कुरा प्रष्ट पारेका छन् । त्यसरी नै विद्यालयमा विद्यार्थीहरुलाई उत्प्रेरणा जगाउन पढाईमा सिकाई उपलब्धि बढाउन एकपछि अर्को सुविधाको व्यवस्था बढाउदै लैजानुपर्दछ । विद्यार्थीहरुलाई कक्षाकोठा देखि लिएर अन्य भौतिक पक्षहरुको उपलब्धता गराउदै जानुपर्छ जस्तै : विद्यालयमा उचित घेराबेरा, खानेपानीको व्यवस्था, छात्र र छात्रा लाई अलग-अलग शौचालयको व्यवस्था, खुल्ला र समतल खेलमैदान, अपाङ्गमैत्री कक्षाकोठा आदिको व्यवस्था हुनुपर्दछ ।

मास्लोको आवश्यक्ता सिद्धान्तमा आधारित हुदै शिक्षण सिकाई प्रभावकारी हुनको लागि भौतिक वातावरणले कस्तो महत्वपूर्ण भूमिका खेल्दछ र भौतिक पक्षको व्यवस्थापनले विद्यार्थीको शिक्षण सिकाईमा कस्तो प्रभावकारीता ल्याउछ भन्ने विषयमा अध्ययन गरि विभिन्न विद्यालयहरुको भौतिक पक्षको अध्ययन गरी सिकाई उपलब्धिलाई प्रस्तुत गरिएको छ । यो अध्ययन पूर्णरुपमा अर्न्तदृष्टिपूर्ण सिकाईको सिद्धान्तमा आधारित नभएता पनि आशिंक रुपमा भए पनि आधारित हुने गर्दछ । अर्न्तदृष्टिपूर्ण सिद्धान्त गेस्टाल्टवादी मनोवैज्ञानिकको उपज हो । गेस्टाल्ट कुनै मनोवैज्ञानिकको  नाम नभएर एक समुह वा विद्यालय संस्था हो । गेस्टाल्ट शब्द जर्मन भाषाको Gestallen शव्द बाट लिएको हो । जसको अर्थ आकृति वा स्वरुप हुन्छ । सन् १९१२ मा Max Wertheimer ले गेस्टाल्टवादी धारणा ल्याएका हुन् । गेस्टाल्टवादीले सरलता, पूर्णता, समग्रता र सुन्दरता आकृति माथि जोड दिन्छ । यो सिद्धान्तलाई आफै विकसित र प्रमाणित गर्ने क्रममा Wolfgang Kohler ले चिम्पाञ्जी माथि गरेको प्रयोगलाई लिन सकिन्छ । जसरी चिम्पाञ्जीले आफ्नो भोक मेटाउन विभिन्न प्रयास गर्दा-गर्दे एक पछि अर्को लठ्ठी जोडेर टेवल माथिको केरा खान सफल भयो, जहाँ अन्वेषण कार्यको साथ अर्न्तदृष्टि उत्पन्न भयो । त्यसरी नै सामुदायिक विद्यालयमा रहेको विद्यमान शैक्षिक अवस्था तथा गुणस्तरमा भएको ह्रासमा सुधार ल्याउन तथा शिक्षण सिकाईलाई प्रभावकारी बनाउने विभिन्न उपायहरु खोज्दै जाँदा विद्यालयमा हुनुपर्ने र गर्नुपर्ने भौतिक वातावरणलाई देखिन्छ । शिक्षण सिकाईमा प्रभावकारीता ल्याई राष्ट्रिय शिक्षाको उद्धेश्य हासिल गर्नको लागि के के उपायहरु हुन सक्छन् र के के कुरामा सुधार गर्नु पर्छ भनी अनुसन्धान गर्दै जाने भनी भौतिक पक्षको कमजोरीलाई लिन सकिन्छ र भौतिक वातावरणले शिक्षण सिकाईको ठुलो हिस्सा ओगटेको हुन्छ भन्ने कुरा लाई यो अध्ययनले प्रमाणित गर्ने प्रयास गर्दछ । साथै शिक्षण सिकाईलाई प्रभावकारी बनाउनको लागि विद्यालयमा

भौतिक पक्षहरुमा पनि एक पछि अर्को थप गर्दे तथा विद्यमान रहेको भन्दा सुधार गर्दै जानु पर्दछ भन्ने कुरा Kohler ले चिम्पाञ्जी माथि गरेको प्रयोगमा जसरी चिम्पाञ्जीले एक पछि अर्को लठ्ठी जोडेर लठ्ठी टेबल माथी रहेको केरा खान सफल भएको थियो भन्ने कुराले सिद्ध गर्दछ त्यसैगरी आफुसँग भएको भौतिक स्रोत साधनलाई पनि सही ढङ्गबाट प्रयोग गर्न जानेमा पनि लक्ष्य हासिल गर्न सकिन्छ भन्ने कुरा पनि Kohler ले चिम्पाञ्जी माथी गरेको परिक्षणले बताउदछ । यस अवस्थामा हाम्रा कतिपय सामुदायिक विद्यालयहरु पनि हुन सक्छन् जहाँ भौतिक स्रोत र साधन भएर पनि उचित व्यवस्थापनको अभावमा शिक्षण सिकाई प्रभावकारी हुन सकेको देखिदैन् । यसर्थ त्यस्ता सामुदायिक विद्यालयहरुको लागि यो अध्ययन एउटा कोसेढुङ्गा साबित हुन सक्छ ।

कृष्ण कुमारी धिताल (२०१०) को अनुसन्धान प्रतिवेदन अनुसार ठोस फोहोरमैलाको अव्यवस्थित विसर्जन, प्रदुषित पानीको प्रयोग, अस्वस्थ्कर बानी ब्यवहार, सरसफाइको कमी, बासी तथा फोहोर खाना जस्ता कारणहरुले गर्दा पर्वत जिल्ला मजपन्त गा. वि. स. का बालबालिकाहरु विभिन्न किसिमका स्वास्थ्य समस्या जस्तै पेट दुख्ने, पखाला लाग्ने, जुका पर्ने, बान्ता लाग्ने समस्या देखा परेको थियो ।

IUCN/NPC (1998) को शहरी क्षेत्रमा ठोस फोहोरमैलाको व्यवस्थापन शीर्षकको प्रतिवेदनबाट प्राप्त जानकारी अनुसार अधिकांश मानिसहरुले फोहोरमैलाको व्यवस्थापनको प्रक्रिया अपनाएतापनि फोहोरमैलाको व्यवस्थापन हुन नसकेको अवस्था छ । ३३ वटा नगरपालिकाहरुले फोहोरमैलाको उचित व्यवस्थापनमा जोड दिएतापनि तिनीहरुसंग प्रसस्त मात्राका दक्ष जनशक्तिको अभाव, आर्थिक अभाव र अन्य स्रोत तथा साधनहरुको अभावको कारण व्यवस्थापनमा पूर्णता छैन ।

NWHP (Nepal Water in Health Project, 2002) , को एक अध्ययन प्रतिवेदन अनुसार अधिकांश किसान परिवारमा शौचालयको निर्माण नभएको पाइयो । पर्याप्त स्रोत र साधनको अभाव र शौचालय बनाउनूपर्छ भन्ने कुरा आवश्यक नठानेको कारण शौचालय नबनाएको हुनाले यस सम्बन्धि जानकारी गराई व्यवहारमा परिवर्तन गर्नुपर्ने आवश्यकता देखियो ।

स्वास्थ्य शिक्षामा एम्. एड. दोस्रो बर्षको विद्यार्थीहरुको समुह (२०५२) ले गरेको कीर्तिपुर न. पा. मा सामुदायिक संगठनको लागि स्वास्थ्य शिक्षा शीर्षकमा गरिएको अध्ययनबाट प्राप्त जानकारी अनुसार वातावरणीय सरसफाइ मानव जीवनको लागि अपरिहार्य अंश भएता पनि त्यस क्षेत्रको

अवलोकन गर्दा वातावरणीय अवस्था स्वास्थ्यपूर्ण नरहेको पाइयो । त्यहाँका केही मानिसहरुले मलमुत्र विसर्जनका लागि खुल्ला चौर प्रयोग गर्ने गरेको पाइयो । साथै ७१.२५ प्रतिशत घरधुरीमा मात्रै शौचालय रहेको र ती मध्ये पनि ५० प्रतिशत फोहोर शौचालय रहेको पाइयो ।

ढकाल (२०५१) को भक्तपुर जिल्लामा ठोस फोहोरमैलाको व्यवस्थापन शिर्षकमा गरिएको अध्ययनबाट प्राप्त जानकारी अनुसार भक्तपुर जिल्लामा उत्पादन हुने फोहोरमैला मध्ये ६० प्रतिशत कम्पोष्ट मल बनाउनको लागि योग्य अर्थात सुहाउँदो रहेको पाइयो । त्यस्तै फोहोर बस्तीको तुलनामा सेनेटरी क्षेत्रमा जनसहभागिताको प्रमुख भूमिका रहेको पाइयो । साथै फोहोर बस्तीको तुलनामा सेनेटरी बस्तीको सरसफाइको अवस्था राम्रो रहेको पाइयो ।

## २.३ अध्ययनका लागि पुनरावलोकनको प्रयोग

१. सम्बन्धित साहित्यको पुनरावलोकनबाट अनुसन्धानकर्तालाई अनुसन्धानको बारेमा विभिन्न प्रकारका ज्ञान प्राप्त भएको छ ।


२. यी माथिका पुनरावलोकनबाट अनुसन्धानकर्तालाई “सुनसरी जिल्लाको सामुदायिक विद्यालयहरुमा भौतिक वातावरणको अवस्था अध्ययन” नामक शीर्षक छनौट गर्न सहयोग गरेको छ ।

३. विभिन्न स्रोतबाट प्राप्त माथिको पुनवरालोकनले अनुसन्धानकर्तालाई अनुसन्धानको उद्देश्य पत्ता लगाउनका साथै विभिन्न अध्ययन अनुसन्धान बिचको अन्तरसम्बन्ध र फेरबदल पत्ता लगाउन र प्रश्नावली तयार गर्न, नमुना छनौट गर्न, तथ्यांक संकलन गर्ने प्रक्रिया पत्ता लगाएको छ ।

४. अनुसन्धानकर्तालाई उपयुक्त विधिको छनौट गर्न साथै तथ्यांकलाई व्याख्या र विश्लेषण गर्नमा समेत सम्बन्धित साहित्यको पुनरावलोकनले सहयोग पुऱ्याएको छ ।

## २.४ सैद्धान्तिक तथा धारणात्मक संरचना

बिना उद्देश्य कुनै पनि कार्य सम्पन्न हुदैन, त्यस्तै अनुसन्धान कार्यको लागि पनि त्यस विषयसंग सम्बन्धित उद्देश्य पहिले नै किटान गरिएको हुन्छ। सुनसरी जिल्लाको सामुदायिक विद्यालयहरुमा भौतिक वातावरणको अवस्था के कस्तो छ भनी तुलना गर्नको लागि यस अनुसन्धान पूरा गर्ने उद्देश्यमाथि रहेर निम्नलिखित सैद्धान्तिक संरचना तयार पारिएको छ :
माथि उल्लेखित सैद्धान्तिक संरचनालाई मध्यनजर गर्दै निम्नलिखित प्रकारको संरचना तयार गरिएको छ :




### २.४.१ भौतिक वातावरणको अवस्था

भौतिक वातावरण भन्नाले विद्यालयभित्र वा विद्यालय वरिपरीको हाताभित्र हुने सम्पुर्ण सकारात्मक वा नकारात्मक क्रियाकलापहरुलाई बुझाउँदछ। यस अन्तर्गत खानेपानीको अवस्था, पानीको स्रोत, सरसफाइ, विद्यालय भवनहरु, चमेनागृह, शौचालय आदि सम्पुर्ण पक्षहरु पर्दछन्।

### २.४.२ खानेपानीको स्रोत

पानी प्राप्त हुने ठाउँलाई नै पानीको स्रोत मानिन्छ। पानी चाहे झरनाको होस या नदीनालाको, मैले गरेको अध्ययन अनुसार श्री मा. वि. छिटाहा र श्री स. मा. वि. मा खानेपानीको स्रोतहरुमा ट्युवेल र धारा रहेका छन्।

### २.४.३ सरसफाइको अवस्था

अध्ययन गरिएका दुईवटा विद्यालयमा सरसफाइ राम्रो भएता पनि पूर्ण रुपमा सरसफाइ नभएको र विद्यालयको बाहिरी तथा पछाडी पट्टी झारपात तथा लेउ भएको हुनाले चिप्लिएर लड्ने सम्भावना देखिन्छ ।

### २.४.४ आर्थिक अवस्था

कुनै पनि विद्यालय सञ्चालनको लागि नभई नहुने चीज त्यस विद्यालयको आर्थिक अवस्थाले ओगटेको हुन्छ । एक असल र अनुशासित विद्यालय निर्माणमा भौतिक संरचनादेखि खेलकुदका सामग्रीहरु जुटाउन आर्थिक स्तरले मद्दत गरेको हुन्छ ।

### २.४.५ शिक्षक-कर्मचारी र विद्यार्थी संख्या

शिक्षक-कर्मचारी र विद्यार्थी विनाको विद्यालय कल्पना समेत गर्न सकिदैन । शिक्षक-कर्मचारी र विद्यार्थी संख्या विद्यालय सञ्चालनका मुख्य अंगका रुपमा रहेका हुन्छन् । यस अनुसन्धानमा अनुसन्धानकर्ताले सुनसरी जिल्लाको सामुदायिक विद्यालयहरुका शिक्षक-कर्मचारी तथा विद्यार्थीहरुलाई समावेश गरेको बुझिन्छ

### २.४.६ स्वास्थ्यमा पारेको प्रभाव

स्वच्छ र सफा वातावरणको परिकल्पना गर्नु आजको हाम्रो आवश्यक्ता हो । मानिस स्वस्थ हुनको लागि उसको घर-परिवार, समाज तथा वरिपरीका वातावरणले स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । तसर्थ भौतिक वातावरण प्रदुषित हुदा बसोवास गर्ने क्षेत्रमा विभिन्न किसिमका स्वास्थ्य समस्याहरु देखा पर्दछन् । यस अर्थमा दैनिक सरसफाइ गर्न आवश्यक देखिन्छ ।

### २.४.७ चमेनागृहको अवस्था

मानिसलाई तागत र शक्ति प्रदान गर्न, वृद्धि र विकास हुन तथा रोगबाट बच्नका लागि खानाको आवश्यक्ता पर्दछ । विद्यालयमा शिक्षक-कर्मचारी र विद्यार्थी करीब ६-७ घण्टा बिताउनुपर्ने भएकाले विद्यालयमा चमेनागृहको व्यवस्था गर्न जरुरी हुन्छ ।

### २.४.८ शौचालयको अवस्था

विद्यालयमा शौचालयलाई एक महत्वपूर्ण भौतिक पूर्वाधारको रुपमा मानिन्छ । तसर्थ शौचालयमा पर्याप्त पानी र दैनिक रुपमा सरसफाइ गर्न अति नै आवश्यक हुन्छ । यस बाहेक शौचालय र शौचालय वरीपरी सफा-सुग्घर हुनु जरुरी देखिन्छ ।  शौचालयको अभाव हुदा वा विद्यार्थी अनुरुप पर्याप्त मात्रामा नभएको अवस्थामा वातावरणीय सरसफाइका क्षेत्रमा ठुलो चुनौतिको सामना गर्नुपर्दछ ।

# परिच्छेद - ३
# अध्ययनको विधि र तरीका

## ३.१ अनुसन्धान ढाँचा र विधि

यो अनुसन्धान कार्य मिश्रित प्रकृतिको हुन्छ । यसका लागि गुणात्मक र परिमाणात्मक दुबै प्रकारका ढाँचाहरु यस अनुसन्धानमा उपयोग गरिएको छ । यस अनुसन्धानको लागि आवश्यक तथ्याङक विश्लेषण, व्याख्यात्मक, तालिकीकरण तथा रेखा चित्रद्धारा व्याख्या विश्लेषण गरिएको छ ।

## ३.२ जनसंख्या, नमुना र नमुना छनौट रणनीति

यस अध्ययनका लागि आवश्यक पर्ने जनसंख्या सुनसरी जिल्ला गढी गा. पा. मा रहेको श्री माध्यमिक विद्यालय र श्री सरस्वती माध्यमिक विद्यालयको शिक्षक, कर्मचारी लगायत कक्षा १० अध्ययनरत विद्यार्थीहरुलाई अध्ययन जनसंख्याको रुपमा लिइएको छ । साथै Probablity Sampling अन्तर्गत Simple Random Sampling अपनाई श्री माध्यमिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी २० जना र कक्षा १० मा अध्ययनरत विद्यार्थी ७१ मध्ये ६० जनालाई नमुना जनसंख्याको रुपमा समेटिएको छ । साथै श्री सरस्वती माध्यमिक विद्यालयका शिक्षक तथा कर्मचारी २५ जना र  कक्षा १० मा अध्ययनरत विद्यार्थी ३२ जना मध्ये २५ जना साथै ५ जना शिक्षक कर्मचारी उत्तरदाताहरुलाई नमुना जनसंख्याको रुपमा समेटिएको छ ।

## ३.३ तथ्याङक संकलनको स्रोत

यस अनुसन्धानको लागि आवश्यक पर्ने स्रोत संकलनका लागि दुईवटा स्रोतहरुलाई आधार मानिएको छ । जस अन्तर्गत- :

**३.३.१ प्राथमिक स्रोतः-** यस अर्न्तगत शोधकार्य अध्ययनको लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न विद्यालयसंग प्रत्यक्ष सरोकार राख्ने विद्यालयको प्र. अ., विद्यार्थी, शिक्षक, व्यवस्थापन समितीका पदाधिकारी, अभिभावकहरु आदि संग प्रत्यक्ष रुपमा सर्म्पक गरी छलफल, अवलोकन, प्रश्नोत्तर, अन्तरवार्ता आदि माध्यमहरु प्रयोग गरिएको छ ।

**३.३.२ द्वितीय स्रोत:-** यस अर्न्तगत शोधकार्य अध्ययनको लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्नका लागि विद्यालयसंग प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सरोकार राख्ने निम्न पक्षहरु समावेश भएका छन् । जस अर्न्तगत : पत्रपत्रिका, शोध प्रतिवेदन, विशिष्ट विद्धान र विशेषज्ञहरुबाट लिइने आवश्यक परामर्श सल्लाह, विद्यालयको वार्षिक प्रतिवेदन, विद्यालय, जिल्ला शिक्षा कार्यालय आदिबाट प्रकाशित तथा अप्रकाशित लेख रचना

## ३.४ तथ्यांक संकलनको साधन

यस अध्ययनलाई सफल पार्नको लागि अन्तरवार्ता, क्षेत्र अवलोकन, छलफल र प्रश्नोत्तरलाई तथ्यांक संकलनको साधनको रुपमा प्रस्तुत गरिएको छ । साथै संस्थागत र व्यक्तिगत रुपमा प्रश्नहरु समावेश गरिएका छन् ।

## ३.५ तथ्यांक संकलन प्रक्रिया

सम्बन्धित विद्यालयमा गई अध्ययनका लागि आवश्यक पर्ने नमुना जनसंख्याको यकिन गर्नुका साथै त्यस विद्यालयबाट शोधपत्र लेखनको लागि अनुमति लिई प्रस्तावना तयार गरिएको छ । त्यस्तै तयार पारिएको प्रस्तावना पारित भइसके पश्चात् तथ्यांक संकलनको साधन प्रश्नावली निर्माण गरी दुवै मा. वि. मा भएका शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुसंग प्रत्यक्ष भेटघाट गरी अन्तरर्वाता विधिबाट तथ्यांक संकलन गरिएको छ ।

## ३.६ तथ्यांक व्याख्या र विश्लेषण

तथ्यांक संकलनको कार्य समाप्त भए पश्चात तथ्यांकलाई निरीक्षण, सांकेतीकरण गरी Chart बनाइएको छ । साथै तथ्यांकलाई विविध विधि र प्रक्रिया अपनाई संकलन गरेको तथ्यांकबाट प्राप्त परिणामको आधारमा Table, Diagram, Pie Chart आदिको रुपमा प्रस्तुतीकरण गरी उपलब्ध तथ्यांकहरुको वर्णनात्मक व्याख्या र विश्लेषण गरी शोधपत्र तयार पारिएको छ ।

# परिच्छेद - ४

# तथ्याङ्कको व्याख्या र विश्लेषण

यस अध्ययनले मुख्य रुपमा दुई वटा विद्यालयको भौतिक वातावरणको अवस्थालाई समेट्नुका साथै विद्यालयमा खानेपानी, सरसफाइ, चमेनागृह, शौचालयको अवस्था र स्वास्थ्यमा पार्न सक्ने असर जस्ता पक्षहरुलाई समेट्दछ । तसर्थ यी विविध पक्षहरुको बारेमा जानकारी प्राप्त गर्नका लागि प्रश्नावली तयार पारी प्रत्यक्ष रुपमा भेटी अन्तरवार्ता लिइएको थियो । जसबाट प्राप्त नतिजा तथा जानकारीहरुलाई विस्तृत रुपमा व्याख्या तथा विश्लेषणका साथै विभिन्न तालिका तथा चार्टहरुमा प्रस्तुतीकरण गरिएको छ ।

## ४.१ विद्यालयको जनसाङ्ख्यिक विवरण

यस खण्डमा विद्यालयका शिक्षक-कर्मचारी विवरण, विद्यार्थी विवरण, शिक्षक-कर्मचारी र विद्यार्थीको अनुपात, कक्षाकोठा, पानी, शौचालय र स्वास्थ्यको विषयमा जानकारी प्रस्तुत गरिएको छ ।

### ४.१.१ शिक्षक कर्मचारी विवरण

शिक्षक तथा कर्मचारीबिनाको विद्यालयको कल्पना समेत गर्न सकिदैन किनकी शिक्षक-कर्मचारी विद्यालय सञ्चालनका मुख्य अङ्गका रुपमा रहेका हुन्छन् जसको मध्यमबाट विद्यालयमा विद्यार्थीहरुले ज्ञानको ज्योती प्राप्त गर्दछन् र आफ्नो जीवन उज्यालो बनाउन सफल भएका हुन्छन् । यो शोधपत्र तयार गर्न छनौटमा परेका विद्यालयका शिक्षक-कर्मचारीको विवरण तालिका १ मा देखाइएको छ ।

तालिका १ : शिक्षक-कर्मचारी विवरण

| क.स. | शिक्षक-कर्मचारी विवरण | विद्यालय | |
|---|---|---|---|
| | | श्री मा. वि. | श्री स. मा. वि. |
| १ | पुरुष शिक्षक सङ्ख्या | ११ | १६ |
| २ | महिला शिक्षक सङ्ख्या | ६ | ७ |
| ३ | पुरुष कर्मचारी सङ्ख्या | २ | २ |
| ४ | महिला कर्मचारी सङ्ख्या (नर्स) | १ | - |
| | जम्मा सङ्ख्या | २० | २५ |

स्रोतः विद्यालय अभिलेख-२०७९

तालिका १ अनुसार सुनसरी जिल्लाको गढी गा. पा. मा रहेका सामुदायिक विद्यालय मध्ये अध्ययनका क्रममा छनौट भएका दुई वटा विद्यालयको शिक्षक-कर्मचारी सङ्ख्या जसमा २७ जना पुरुष शिक्षक, १३ जना महिला शिक्षक र ४ जना पुरुष तथा १ जना महिला (नर्स) कर्मचारी  गरी जम्मा ४५ जना कार्यरत रहेको पाइयो ।

### ४.१.२ विद्यार्थी विवरण

विद्यलय सञ्चालनको अर्को महत्वपूर्ण पक्षको रुपमा विद्यार्थी रहेका हुन्छन् । शिक्षा नियमावली २०५९ ले पनि सामुदायिक विद्यालयको विद्यार्थी सङ्ख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रका प्रत्येक कक्षामा क्रमशः पचास, पैतालीस र चालीस हुनुपर्ने कुरा उल्लेख गरेको पाइन्छ । अध्ययनमा छनौट भएका विद्यालयका विद्यार्थी विवरणलाई तालिका २ मा देखाइएको छ ।

तलिका २ : विद्यार्थी विवरण

| विद्यालय | श्री मा. वि. | | जम्मा | श्री स. मा. वि. | | जम्मा |
|---|---|---|---|---|---|---|
| कक्षा | छात्र | छात्रा | | छात्र | छात्रा | |
| १ | १० | ९ | १९ | ११ | १५ | २६ |
| २ | ६ | ११ | १७ | २१ | १० | ३१ |
| ३ | ९ | ४ | १३ | २६ | २७ | ५३ |
| ४ | ३ | १३ | १६ | २० | २३ | ४३ |
| ५ | १६ | १६ | ३२ | १७ | १३ | ३० |
| ६ | ३८ | ४० | ७८ | ४१ | ५७ | ९८ |
| ७ | ३३ | ६३ | ९६ | ३४ | ३१ | ६५ |
| ८ | ४२ | ६३ | १०५ | २४ | ४३ | ६७ |
| ९ | ८३ | ९३ | १७६ | २९ | ५३ | ८२ |
| १० | २३ | ४८ | ७१ | १८ | १४ | ३२ |
| कूल सं. | २६३ | ३६० | ६२३ | २४१ | २८६ | ५२७ |

स्रोतः विद्यालय अभिलेख-२०७९

तलिका २ लाई अध्ययन गर्दा श्री माध्यमिक विद्यालयमा उल्लेखनीय मात्रामा विद्यार्थीको भर्नादर देखिन्छ भने श्री सरस्वती माध्यमिक विद्यालयमा तुलनात्मक रुपमा कम विद्यार्थी भर्नादर रहेको देखिन्छ । समग्रमा हेर्दा दुवै विद्यालयको प्राथमिक तहमा औसतभन्दा कम विद्यार्थी भर्नादर देखिन्छ । तल्लो कक्षामा विद्यार्थी भर्नादर घट्नुको मुख्य कारण अभिभावकको चेतना स्तरमा भएको कमी तथा गरिबीको कारण रहेको हुन सक्दछ ।

अर्को तर्फ सामुदायिक विद्यालयको कमजोर शैक्षिक स्तर तथा स्थानीय स्तरमा खोलिएका निजी तथा संस्थागत विद्यालयहरुले प्रदान गर्ने शिक्षाप्रति अभिभावकको विश्वास बढ्दै गएको र आफ्ना छोराछोरीलाई सामुदायिकमा भन्दा निजी विद्यालयमा नै पठनपाठन गराउनु पनि एउटा प्रमूख कारण रहेको भन्न सकिन्छ । यसका साथै विद्यालयमा भर्नादर वृद्धि गर्न सामुदायिक विद्यालयले विद्यार्थी भर्नादर कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नसक्नुले पनि विद्यार्थी भर्नादर कम भएको हो भन्न सकिन्छ । यो समस्या समाधान गर्न विद्यालय तथा राज्यले नै स्पष्ट कार्यक्रम ल्याई प्रभावकारी रुपमा कार्यन्वयन गर्नु जरुरी छ ।

### ४.१.३ शिक्षक-विद्यार्थी अनुपात

हरेक विद्यालयमा अध्ययनरत शिक्षक तथा विद्यार्थीको अनुपात नमिल्दा विद्यालयको समग्र शिक्षण कार्यमा प्रतिकूल असर पर्न जान्छ । यस कुरालाई मध्यनजर राख्दै नेपालको शिक्षा नियमावलीमा पनि देशको भौगोलिक अवस्थाको आधारमा निश्चित शिक्षक विद्यार्थीको अनुपात हुनुपर्ने कुरा उल्लेख गरिएको छ । जस अनुसार तराई क्षेत्रमा सामान्यतया एक शिक्षक बराबर ५० विद्यार्थी हुनु जरुरी छ । शोधपत्र निर्माणका क्रममा अध्ययन गरिएका विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपात तालिका ३ मा देखाए बमोजिम रहेको छ ।

| तालिका ३ : शिक्षक-विद्यार्थी अनुपात | | | | |
|---|---|---|---|---|
| क्र.स. | विद्यालय | शिक्षक | विद्यार्थी | अनुपात |
| १ | श्री मा. वि. | १७ | ६२३ | १:३७ |
| २ | श्री स. मा. वि. | २३ | ५२७ | १:२३ |
| | जम्मा | ४० | ११५० | - |

स्रोतः विद्यालय अभिलेख-२०७९

तालिका ३ लाई विश्लेषण गर्दा यसबाट के थाहा पाउन सकिन्छ भन्ने सामुदायिक मा. वि. मा शिक्षकको सङ्ख्या पर्याप्त भए पनि विद्यार्थीको हकमा भने विद्यार्थी भर्नादर सङ्ख्यामा कमी आइरहेको छ । यो समस्या समाधानका लागि विद्यालयले विद्यार्थी भर्ना अभियान तथा विद्यालयमा विद्यार्थीले पूरा समय विताउन समयमा विशेष ध्यान दिई यस्ता कार्यक्रममा विशेष जोड दिनुपर्ने अवस्था देखिन्छ ।

## ४.२ विद्यालयको खानेपानी, चमेनागृह र शौचालय सम्बन्धी विवरण

विद्यालयको खानेपानी, चमेनागृह तथा शौचालय यस्ता संवेदनशील क्षेत्र हुन् जहाँ सदैव सरसफाइ भई सुरक्षित हुन पनि उत्तिकै जरुरी छ । यी पक्षहरुको सरसफाइ अवस्था, सङ्ख्या, उपलब्धता आदि विविध पक्षहरुको अध्ययन यस खण्डमा गरिएको छ ।

### ४.२.१ विद्यालयको खानेपानीको स्रोतसम्बन्धी विवरण

पानी हरेक प्राणीको अस्तित्व कायम राख्ने प्रमुख र अत्यावश्यक स्रोत भएकाले विद्यालयमा प्रयोग हुने खानेपानी सफा, सुरक्षित तथा पर्याप्त मात्रामा हुनु जरुरी छ । खानेपानीको स्रोतमा सबै विद्यार्थीको सहज पहुँच हुन जरुरी छ । अध्ययन गरिएका दुई वटा सामुदायिक मा. वि. का खानेपानीको स्रोतलाई तालिका ४ मा देखाइएको छ ।

| तालिका ४ : खानेपानीको स्रोत | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | स्रोत | श्री मा. वि. | | श्री स. मा. वि. | |
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | धारा | १ | २५ | २ | ५० |
| २ | ट्युवेल | ३ | ७५ | २ | ५० |
| ३. | कुँवा | - | - | - | - |
| ४. | खोला | - | - | - | - |

स्रोतः स्थलगत अध्ययन-२०७९


तलिका ४ मा देखाइए बमोजिम अध्ययन गरिएका दुइवटै सामुदायिक मा. वि. मा धारा तथा ट्युवेल खानेपानी स्रोतको रुपमा प्रयोग गरिएको पाइयो । श्री मा. वि. मा ट्युवेल ३ वटा तथा खानेपानी धारा १ मात्र छ । त्यसैगरी श्री स. मा. वि. मा २ वटा ट्युवेल र २ वटा धारा रहेको पाइयो । दुइवटै विद्यालयमा ट्युवेल पानीको स्रोत भए पनि मोटर (वाटरपम्प) को सहायताले पानी ट्याङ्कीमा पुऱ्याउने र धारा मार्फत खानेपानीको व्यवस्था भएको पाइयो । खानेपानीको स्रोत पर्याप्त भए पनि दुवै विद्यालयको कार्यालयमा शिक्षक-कर्मचारी बाहेक पानी शुद्धीकरण नगरी अर्थात् फिल्टर प्रयोग नगरी खानेपानीको प्रयोग गर्ने गरेको पाइयो । यसबाट विद्यालयमा पानीजन्य संक्रमणको सम्भावना अधिक रहेको देखिन्छ । तसर्थ विद्यालयहरुले पानी शुद्धीकरण गर्ने विविध पक्षहरुका बारेमा ध्यान दिएर सोही अनुसार कार्य गर्न जरुरी देखिन्छ ।

### ४.२.२ खानेपानीको स्रोतको सरसफाइ सम्बन्धी विवरण

खानेपानी जति सफा र सुरक्षित हुन जरुरी छ त्यति नै पानीको स्रोत तथा स्रोत वरपर सफा हुन जरुरी छ । खानेपानीको स्रोत सफा नभएको अवस्थामा विभिन्न किसिमका परजीवीहरुको सङ्ख्यामा वृद्धि भई त्यस्ता जीवबाट हुने विभिन्न किसिमका समस्याको सामना त छदैछ यसका साथै चिप्लिएर लड्ने तथा अन्य किसिमका समस्याको सामना गर्नुपर्ने अवस्था आउन सक्छ । यसलाई मध्यनजर राखेर गढी गा. पा. मा रहेको सामुदायिक मा. वि. को खानेपानीको स्रोतको अध्ययन गर्दा कुनै पनि विद्यालयमा खानेपानीको स्रोत वरिपरि सरसफाइ पर्याप्त मात्रामा नभएको पाइयो । यसैगरी खानेपानीको स्रोत वरिपरि पानी जमेको तथा लेउ लागेको अवस्थामा विद्यालयका शिक्षक, विद्यार्थी तथा कर्मचारी सबैले सुरक्षित रुपमा खानेपानीको प्रयोग नगरेको अवस्था रहेको छ । साथै कुनै पनि विद्यालयमा पानीको स्रोत नजिक साबुनको व्यवस्था नगरिएको पाइयो । यसबाट के भन्न सकिन्छ भन्ने सामुदायिक विद्यालयहरुमा खानेपानी तथा

त्यसको सरसफाइ तथा व्यक्तिगत सरसफाइलाई विशेष प्राथमिकता नदिइएको तथा बेवास्ता गरिएको प्रष्ट हुन जान्छ ।

चित्र १ : पानीको स्रोतहरु सफा गर्ने समयको विवरण




स्रोत : स्थलगत अध्ययन-२०७९

माथिको चित्र १ लाई हेर्दा पानीको स्रोतहरु कति दिनमा सफा गर्ने भन्ने प्रश्नमा उत्तरदाताले ३४ प्रतिशतले दुइ तीन महिनामा पानीको स्रोतहरु सफा गर्ने बताए भने २५ प्रतिशतले प्रत्येक २ हप्तामा सफा गर्ने गरेको र ३२ प्रतिशतले प्रत्येक एक महिनामा सफा गर्ने गरेको र सबै भन्दा कम अर्थात ९ प्रतिशतले प्रत्येक हप्ता पानीको स्रोत सफा गर्ने गरेको बताएका छन् । यस तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने विद्यालय व्यवस्थापनमा ज्ञानको कमी वा जनचेतनाको कमीको कारण दुइ तीन महिनासम्म पनि आफ्नो पानीको मुहान सफा नगर्ने कुरा बताए । समस्तमा हेर्दा उनीहरुमा जनचेतनाकै अभाव भएको देखिन्छ ।

### ४.२.३ चमेनागृहको विवरण

हामी मानिसलाई शक्ति प्रदान गर्न, वृद्धि र विकास हुन तथा रोगबाट बच्नको लागि खानाको अनिवार्य आवश्यक्ता पर्दछ । विद्यालयमा करीब ६-७ घण्टा बिताउनु पर्ने भएकाले विद्यार्थी तथा शिक्षक/कर्मचारीका लागि विद्यालयमा खाजाको व्यवस्था हुन जरुरी हुन्छ । यसका लागि घरैबाट खाजा लाने वा विद्यालयमा चमेनागृह मार्फत खाजाको व्यवस्था गर्नुपर्ने हुन्छ । कतिपय अवस्थामा घरैबाट खाजा लान कठिनाइ हुने भएकोले विद्यालय हाताभित्र सफा तथा सुरक्षित र

ताजा र शुद्ध खाजा पाउने गरी चमेनागृहको व्यवस्था गर्नु उचित हुन आउछ । यस सम्बन्धी अध्ययन गर्दा सुनसरीका मा. वि. मा चमेनागृहको व्यवस्थालाई तालिका ५ मा देखाइएको छ ।

तालिका : ५ चमेनागृहको व्यवस्था

| क.स. | चमेनागृहको व्यवस्था | विद्यालय | प्रतिशत |
|---|---|---|---|
| १ | विद्यालय हाताभित्र रहेको | | |
| २ | विद्यालयदेखि १०० मि. भित्र रहेको | १ | ५० |
| ३ | विद्यालयदेखि १०० मि. भन्दा पर रहेको | १ | ५० |
| कुल | | २ | १०० |

स्रोत : स्थलगत अध्ययन-२०७९

माथिको तालिकालाई अध्ययन गर्दा दुईवटै मा. वि. मा चमेनागृहको व्यवस्था नभएको अर्थात विद्यालय परिसर भन्दा बाहिर मात्र रहेको पाइयो भने प्राथमिक तहमा निशुल्क खाजा खुवाउने गरेको पाइएको छ । सामुदायिक विद्यालयमा दिवा खाजाको अवधारणाको विकास राम्रोसंग नभएको देखिन्छ । जसको कारण शिक्षक, कर्मचारी तथा विद्यार्थीहरु समेत चमेनागृहको सुविधा नभएको, विद्यालयमा दिनभरी नै भोको रहनुपर्ने बाध्यता रहेको छ कि त बाहिर नजिकैको साधारण होटलमा खानुपर्ने बाध्यता रहेको देखिन्छ ।

### ४.२.४ विद्यालयको शौचालय सम्बन्धी विवरण

हाम्रो दैनिक जीवनमा सरसफाइलाई सबैभन्दा महत्वपूर्ण सूचकका रुपमा शौचालयलाई लिइन्छ । शौचालयको अभाव हुँदा वा शौचालय मानिसको सङ्ख्या अनुरुप पर्याप्त मात्रामा नभएको अवस्थामा वातावरणीय सरसफाइका क्षेत्रमा ज्यादै ठूलो चुनौतीको सामना गर्नु पर्दछ । विद्यालय स्वयम् एउटा समुदाय भएकाले स्वतः रुपमा मानवीय चाप बढ्छ, त्यसैले शिक्षक, विद्यार्थी तथा कर्मचारीको सङ्ख्या अनुरुप विद्यालयमा शौचालय हुनुपर्ने कुरामा नेपालको शिक्षा नियमावलीमा समेत स्पष्ट उल्लेख गरेको पाइन्छ ।

#### ४.२.४.१ शौचालय सङ्ख्या तथा अवस्था

शिक्षा नियमावली २०५९ अनुसार पूर्व प्राथमिक विद्यालयमा बाहेक विद्यालयमा २०० विद्यार्थीसम्म छात्र र छात्रा तथा शिक्षक-कर्मचारीको लागि छुट्टा-छुटै शौचालयको व्यवस्था हुनुपर्ने तथा प्रत्येक थप ५० जना विद्यार्थी बराबर एक शौचालय थप गरिनुपर्ने तथा आवश्यक मात्रामा

युरिनलको व्यवस्था गरिनुपर्ने कुरा उल्लेख गरिएता पनि ती विद्यालयहरुमा त्यसो हुन नसकेको देखिन्छ । त्यहाँ उपलब्ध शौचालय र युरिनल सङ्ख्यालाई तालिका ६ मा देखाइएको छ ।

तालिका ६ : शौचालय तथा युरिनल विवरण

| क. स. | विद्यालय | शौचालय सङ्ख्या | | | | युरिनल सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | शिक्षक कर्मचारी | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | श्री मा. वि. | २ | ४ | १ | ७ | ३ | ३ | ६ |
| २ | श्री स. मा. वि. | ३ | ४ | १ | ८ | ४ | ६ | १० |
| कुल | दुवै मा.वि. गरी | ५ | ८ | २ | १५ | ७ | ९ | १६ |

स्रोत : स्थलगत अध्ययन-२०७९

तलिका ६ लाई अध्ययन गर्दा कूल विद्यार्थी सङ्ख्या ६२३ (२६३ छात्र, ३६० छात्रा) र १५ जना शिक्षक-कर्मचारी रहेको श्री मा. वि. मा ७ वटा शौचालय तथा ६ वटा (३-३ वटा) युरिनल रहेको पाइयो । यद्यपि शिक्षक-कर्मचारी, छात्र र छात्राका लागि छुट्टा-छुट्टै शौचालय नभई एउटै भवनमा रहेको छ । महिला र पुरुष शिक्षक-कर्मचारीले प्रयोग गर्ने शौचालय सङ्ख्या १ वटा र छात्राले प्रयोग गर्ने शौचालय सङ्ख्या ४ वटा रहेको तथा छात्रले प्रयोग गर्ने शौचालय सङ्ख्या २ वटा मात्र रहेको छ भने विद्यार्थीको सङ्ख्या अनुरुप शौचालय तथा युरिनलको सङ्ख्या कम रहेको देखिन्छ ।

त्यसैगरी श्री स. मा. वि मा ५२७ विद्यार्थी (२४१ छात्र र २८६ छात्रा) र २५ जना शिक्षक-कर्मचारीका लागि एक वटा मात्र शौचालयको व्यवस्था तथा ४ वटा शौचालय छात्राले प्रयोग गर्ने र ३ वटा छात्र गरी जम्मा ८ वटा फरक-फरक भवनमा रहेका छन् । जसमा ४ वटा युरिनल छात्रले प्रयोग गर्दछन् भने ६ वटा छात्राले प्रयोग गर्ने गरेका छन् । समग्रमा हेर्दा सामुदायिक मा. वि. मा विद्यार्थी सङ्ख्या तथा शिक्षक-कर्मचारी अनुरुप शौचालय तथा युरिनलको सङ्ख्या कम रहेको छ भन्न सकिन्छ ।

### ४.२.४.२ शौचालय तथा बाटोको सरसफाइ अवस्था

भनिन्छ, मानिसको परिचय भन्साबाट होइन उसले प्रयोग गर्ने शौचालयबाट थाहा हुन्छ । अर्थात शौचालयको सरसफाइबाट नै मानिसले स्वास्थ्यलाई कतिको महत्व दिएको छ भन्ने बुझिन्छ ।

यसैगरी विद्यालयमा पनि शौचालयको अवस्थाबाट उक्त विद्यालयले शिक्षक-विद्यार्थी तथा कर्मचारीको स्वास्थ्य अवस्थाप्रति कतिको मात्रामा ध्यान दिएको छ भनी अनुमान गर्न सकिन्छ ।

अध्ययनको क्रममा प्राप्त नतिजालाई विश्लेषण गर्दा सामुदायिक मा. वि. मा एक त शौचालय कम मात्रामा रहेको छ भने अर्को तर्फ शौचालयको सरसफाइमा खासै ध्यान दिन नसकेको कुरा प्रष्ट हुन्छ । अध्ययन गरिएका दुई वटा विद्यालयमध्ये श्री मा. वि. मा शौचालय जाने बाटो सुरक्षित रहेको तथा श्री स. मा. वि. को शौचालय जाने बाटोमा तथा भित्री मैदानमा माटो पुर्ने काम सम्पन्न भई नसकेकोले केही भागमा घाँस उम्रिएको तथा लेउ लागि चिप्लिने सम्भावना रहेको पाइयो । जसले गर्दा शौचालय जाँदा बाहिरको हिलो तथा फोहोर पनि शौचालयमा पुग्ने भएकोले गर्दा बढी मात्रामा शौचालय फोहोर हुने तथा दुर्गन्धित हुने गरेको छ ।

### ४.२.४.३ शौचालयमा सरसफाइ सामग्री तथा पानीको व्यवस्था

विद्यालयमा शौचालय व्यवस्था हुनु जति जरुरी छ त्यही अनुसार शौचालय सरसफाइ गर्न चाहिने सामग्रीहरु जस्तै : ब्रस, बाल्टिन, मग, कुचो, फिनेल आदि उपलब्ध हुनु जरुरी हुन्छ । जति धेरै मात्रामा यी सामानहरुको उपलब्धता हुन्छ र तिनको सही प्रयोगबाट  मात्र सफा राख्न सकिन्छ । अध्ययन गरिएका विद्यालयहरुमा शौचालय सफा गर्न आवश्यक सामग्रीहरुको अभाव रहेको सम्बन्धित विद्यालयका प्र. अ. तथा अन्य शिक्षकहरुबाट स्वीकार गर्नुलाई नेपालका सामुदायिक विद्यालयमा सरसफाइसँग सम्बन्धित पक्षलाई महत्व नदिने गरेको कुरा पुष्टि हुन आउँछ । शौचालय सरसफाइका लागि आवश्यक पर्ने महत्वपुर्ण पक्षको रुपमा पानीलाई लिन सकिन्छ । शौचालयमा पर्याप्त पानीको व्यवस्था भएको खण्डमा मात्र सरसफाइ गर्न सम्भव भएकाले अध्ययन गरिएका सामुदायिक विद्यालयहरुको शौचालयमा पानीको व्यवस्थालाई तालिका ७ मा देखाइएको छ ।

तलिका ७ : शौचालयमा पानीको व्यवस्था

| क्र.स. | स्रोत | श्री मा. वि. | | श्री स. मा. वि. | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १. | धारा | ७ | ८२ | ८ | ८९ |
| २. | ट्युवेल | १ | १२ | १ | ११ |


स्रोत : स्थलगत अध्ययन-२०७९

तलिका ७ अनुसार गढी गा. पा. अन्तर्गतका दुईवटा मा. वि. मा भएका कुल १५ वटा शौचालयमा धारा जडान गरिएको पाइयो भने कतिपय अवस्थामा दुबै मा. वि. को शौचालयमा ट्याङ्कीमा भएको पानीको मात्रा कम भएको अवस्थामा ट्युवेलबाट वा बाहिरबाट शौचालयमा पानी लानुपर्ने बाध्यता रहेको पाइयो । यस तथ्याङ्कलाई विश्लेषण गर्दा के देखिन्छ भने सामुदायिक विद्यालयका अधिकांश शौचालयमा पानीको व्यवस्था पर्याप्त नभएको र जसका कारण विद्यार्थीहरुले शौचालय जाँदा विभिन्न समस्याको सामना गर्नुपर्ने देखिन्छ । जस्तै बाहिरबाट पानी लैजाँदा साथीले देखेर जिस्क्याउने वा अरु कुनै समस्याको सामना गर्नुपर्ने पीरले गर्दा विद्यार्थीहरुमा मानसिक दबाब पर्न गई विद्यालयको शौचालय नै प्रयोग नगर्ने, कक्षा समय हुँदाहुदै पनि घर जाने वा कक्षा छाड्ने समस्या देखिने भएकाले गर्दा विद्यालयको विद्यार्थी सङ्ख्याको आधारमा शौचालय निर्माण गरिनु पर्ने तथा पर्याप्त मात्रामा शौचालय सरसफाइ सामग्रीको व्यवस्था गरिनु पर्ने तथा शौचालय जाने बाटो सफा र सुरक्षित हुनु पर्ने देखिन्छ ।

### ४.२.५ विद्यालयको खानेपानीको स्रोत र शौचालय बीचको दुरी

खानेपानी अति नै महत्वपूर्ण चीज हो र मानिसलाई जिन्दगी दिएको हुन्छ, त्यही पानी दुषित भएको खण्डमा मानिसको जीवन जोखिममा पर्ने गर्दछ । खानेपानीको स्रोत सफा र सुरक्षित हुनु जरुरी छ । खानेपानीको स्रोत भन्दा जति पर शौचालय हुन्छ त्यति नै खानेपानी सुरक्षित हुन्छ । अध्ययन गरिएका विद्यालयमा रहेका खानेपानीको स्रोत र शौचालय बीचको दुरीलाई चित्र २ मा देखाइएको छ ।

चित्र २ : खानेपानी र शौचालय बीचको दुरी




स्रोत : स्थलगत अध्ययन-२०७९

चित्र २ का अनुसार अध्ययन गरिएका विद्यालयको खानेपानी र शौचालय बीचको दुरीलाई अध्ययन गर्दा दुबै विद्यालयले खानेपानी र शौचालय बीच दुरी कम्तीमा २५ मिटर हुनुपर्ने मापदण्ड पूरा गरेको देखिन्छ । श्री मा. वि. मा ट्युवेल र शौचालय १० मिटरको दुरीमा रहेपनि सो ट्युवेलको पानी नखाने गरेको पाइयो । खानेपानीको रुपमा २५ मिटर भन्दा पर रहेको ट्युवेलबाट नै वाटरपम्प बाट पानी तान्ने र खाने गरेको पाइयो । त्यस्तै श्री स. मा. वि. मा पनि शौचालय नजिकै ट्युवेल रहेता पनि त्यसभन्दा अर्को ट्युवेलको पानी मात्र खाने गरेको पाइयो ।

### ४.३ विद्यालयको फोहोर व्यवस्थापन सम्बन्धी विवरण

विद्यालय सरसफाइका अत्यन्तै महत्वपूर्ण पक्षका रुपमा विद्यालयमा उत्पादन हुने फोहोरहरुलाई उचित व्यवस्थापन गर्ने कार्य पनि पर्दछ । सामुदायिक विद्यालयमा उत्पन्न हुने ठोस तथा तरल फोहोरलाई व्यवस्थापन गर्दा फोहोरको वर्गीकरण गरेर सोही अनुरुप विसर्जन गर्नुपर्दछ । यस सन्दर्भमा गरिएको अध्ययनलाई यस खण्डमा प्रस्तुत गरिएको छ ।

#### ४.३.१ विद्यालयको ठोस फोहोर व्यवस्थापन विधि

कागजका टुक्रा, प्लास्टिक, रुख विरुवाका पात, घाँस, झार तथा निर्माण कार्य गर्दा रहेका पदार्थ आदि विद्यालयमा उत्पादन हुने ठोस फोहोरहरु हुन् । विद्यालयमा उत्पादन हुने ठोस फोहोरलाई वर्गीकरण गरी सड्ने फोहोरलाई उचित स्थानमा पुर्ने तथा जलाउने फोहोरलाई जलाउने, निर्माणजन्य फोहोरलाई विद्यालय मैदान वा खाल्डा खुल्डी भएको स्थानमा पुर्ने जस्ता कार्य गरी ठोस फोहोरलाई व्यवस्थापन गर्न सकिन्छ । प्रस्तुत शोधपत्र तयार गर्नका लागि अध्ययन गरिएका विद्यालयहरुमा ठोस फोहोर व्यवस्थापन गर्ने विधिका बारेमा सम्बन्धित विद्यालयमा जानकारी लिँदा जलाएर फोहोरलाई विसर्जन गर्ने गरिएको विद्यालयका शिक्षकबाट जानकारी आएपछि अवलोकन गर्दा ठोस फोहोर व्यवस्थापन गर्ने कार्य तालिका ८ मा देखाइए बमोजिम रहेको छ ।

तालिका ८ : ठोस फोहोर विसर्जन विधि

| क्र. स. | विद्यालय | ठोस फोहोर विसर्जन विधि |
|---|---|---|
| १ | श्री मा. वि. छिटाहा | मैदानको एकछेउमा जलाउने |
| २ | श्री स. मा. वि. औराबनी | मैदानको एकछेउमा जलाउन |


स्रोत : स्थलगत अध्ययन-२०७९

प्रस्तुत तालिका ८ अनुसार दुवै सामुदायिक मा. वि. हरुमा उत्पन्न हुने ठोस फोहोरमैलाको कुनै पनि वर्गीकरण नगरिकन कागज तथा प्लास्टिकलाई एकै स्थानमा राखी जलाउने गरेको देखिन्छ। यसरी विद्यालय वरिपरी नै फोहोर जलाउँदा त्यसबाट उत्पन्न हुने हानिकारक ग्याँस तथा धुँवा सजिलै कक्षाकोठामा पुगी कक्षामा अध्ययन गर्ने विद्यार्थी तथा शिक्षकलाई श्वासप्रश्वास सम्बन्धी जटिलता आउने सम्भावनालाई विद्यालयले ध्यान दिन नसकेको पाइन्छ । प्लास्टिकजन्य फोहोरलाई छुट्टा-छुट्टै व्यवस्थापन गर्ने कार्य सकेको खण्डमा राम्रो हुन्थ्यो कि भन्न सकिन्छ।

### ४.३.२ विद्यालयको तरल फोहोर व्यवस्थापन विधि

विद्यालयमा पानी धेरै तरिकाले प्रयोग गर्ने गरिन्छ, जस्तै खानेपानी, हातमुख धुने, चमेनागृह, शौचालय, कक्षाकोठा सरसफाइ गर्न, फुलवारी तथा विविध कार्यमा पानी प्रयोग गरिन्छ। यसरी प्रयोग गरिने पानी बढी भई खेर जाने कार्यलाई तरल फोहोर भन्न सकिन्छ । विद्यालयमा उत्पादन हुने तरल फोहोरलाई विद्यालयले उचित व्यवस्थापन गर्न नसक्दा विद्यालयको वातावरण दुर्गन्धित हुने, लामखुट्टे, झिंगा जस्ता जीवहरुको सङ्ख्यामा वृद्धि भई विभिन्न किसिमका रोग तथा अन्य समस्या सिर्जना हुने गर्दछन् । यस कुरालाई मध्यनजर राखी गरिएको अध्ययन अनुसार प्राप्त नतिजालाई चित्र ३ मा देखाइएको छ।

चित्र ३ : तरल फोहोर व्यवस्थापन विधि




स्रोत : स्थलगत अध्ययन-२०७९

चित्र ३ लाई विश्लेषण गर्दा अध्ययन गरिएका विद्यालयहरुको खानेपानीको स्रोत तथा चमेनागृहबाट निस्कने तरल फोहोरलाई ६० प्रतिशत विद्यालयले खाल्डोमा जम्मा गर्ने गरेको, ३० प्रतिशतले नजिकैको पैनीमा मिसाउने गरेको तथा १० प्रतिशतले भने खानेपानीको स्रोत वरिपरी नै त्यसै छाडिदिने गरेको पाइयो । यसरी हेर्दा विद्यालयबाट निस्कने तरल फोहोरको उचित व्यवस्थापनमा कमी रहेको देख्न सकिन्छ । खानेपानीको स्रोत तथा चमेनागृहको वरिपरी तरल फोहोरलाई त्यसै छोडिदिदा वा खाल्डोमा जम्मा गर्दा उक्त फोहोर पानी भएका स्थानमा लामखुट्टेका लागि अनुकुल वातावरण सिर्जना भई विभिन्न किसिमका सरुवा रोगका सङ्क्रमणको समस्या र विभिन्न किसिमका दुर्घटना बढ्ने सम्भावना पनि उतिकै रहने कुरामा सबैको ध्यान जानु जरुरी छ ।

### ४.३.३ विद्यालय सरसफाइका लागि आवश्यक सामग्रीको उपलब्धता

विद्यालय सरसफाइका लागि नीति वा सिद्धान्त निर्माण गरेर मात्रै हुदैन त्यसलाई कार्यन्वयन गर्नका लागि पर्याप्त मात्रामा सरसफाइ सामग्रीको उपलब्धता हुन पनि उत्तिकै जरुरी हुन्छ र त्यसको लागि अधिक प्रयोग हुन सकेका खण्डमा मात्र उक्त विद्यालय सरसफाइयुक्त हुन जान्छ । विद्यालयमा सरसफाइ सामग्रीको उपलब्धतालाई तालिका ९ मा देखाइएको छ ।

तालिका ९ : सरसफाइ सामग्रीको उपलब्धता

| क्र. स. | सरसफाइ सामग्री विवरण | प्रत्येक कक्षाको लागि उपलब्ध विद्यालय (प्रतिशत) | एकभन्दा बढी कक्षाले प्रयोग गर्नुपर्ने विद्यालय संख्या (प्रतिशत) | कार्यालयमा मात्र उपलब्ध भएको विद्यालय (प्रतिशत) |
|---|---|---|---|---|
| १ | कुच्चो | - | १०० | १०० |
| २ | डस्टविन, फोहोर उठाउने भाँडा | - | १०० | १०० |
| ३ | कन्टेनर | - | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन-२०७९

तालिका ९ अनुसार हेर्दा कूल विद्यालयको कुनै पनि विद्यालयमा प्रत्येक कक्षामा कुच्चोको उपलब्धता नरहेको दुवै विद्यालयहरुमा कार्यालय बाहेक एउटै कुच्चोले एकभन्दा बढी कक्षाकोठा

सफा गर्नुपर्ने तथा केही मात्रामा मात्र फोहोर फाल्ने कन्टेनर (गैर सरकारी संस्थाबाट अनुदान पाप्त) रहेको पाइयो । प्रत्येक विद्यालयको कार्यालयमा भने कुच्चो तथा डस्टविन उपलब्ध रहेको छ । यसरी समग्रमा हेर्दा सामुदायिक मा. वि. मा सरसफाइका सामग्रीहरुको अभाव रहेको देखिन्छ ।

### ४.३.४ कक्षाकोठा तथा खेलमैदान सरसफाइ कार्य तालिका

विद्यालयमा कक्षाकोठा तथा खेलमैदानको सरसफाइ गर्ने पनि निश्चित कार्य तालिका निर्माण गरी कार्यभार विभाजन गरिएको खण्डमा सफलता प्राप्त गर्न सकिन्छ । अन्यथा समन्वयको अभावमा विद्यालय सरसफाइ कार्यक्रम प्रभावित हुने देखिन्छ । अध्ययन गरिएका सामुदायिक मा. वि. मा कक्षाकोठा तथा खेलमैदानको सरसफाइ कार्य तालिका १० मा देखाइएको छ ।

तालिका १० : कक्षाकोठा तथा खेलमैदानको सरसफाइ कार्य तालिका

| क.स. | विद्यालय | कक्षाकोठाको सरसफाइ | खेलमैदानको सरसफाइ |
|---|---|---|---|
| १ | श्री मा.वि. | दैनिक | विशेष अवस्थामा (टाढा) |
| २ | श्री स.मा.वि. | दैनिक | मासिक (विद्यालयसँगै) |

स्रोत : स्थलगत अध्ययन-२०७९

तलिका १० लाई अध्ययन गर्दा हरेक विद्यालयले कक्षाकोठा दैनिक रुपमा सफा गर्नुपर्ने जसका लागि प्रत्येक कक्षाका सम्पूर्ण विद्यार्थीलाई ग्रुपमा विभाजन गरी प्रत्येक दिन आफ्नो पालोमा सफा गर्नुपर्ने नियम भएपनि कक्षाकोठाको सरसफाइ अवस्था हेर्दा सन्तोषजनक रुपमा नरहेको तथा खेलमैदानको सरसफाइ पियन तथा विद्यार्थीले विद्यालयमा विशेष कार्यक्रम हुँदा मात्र गर्ने गरेको पाइयो । जसको फलस्वरुप विद्यालयको खेलमैदानमा कागज, प्लास्टिक, इँटाका टुक्रा, ढुँगाका टुक्रा भएको तथा घाँस झार उम्रिएको र विद्यालय निर्माण गरेर रहेको निर्माण सामग्री समेत खेलमैदानमा भएको पाइयो । यसरी कक्षाकोठा तथा खेलमैदान सरसफाइमा उदासिन रहँदा विद्यालयमा कुनै पनि समय दुर्घटना हुनसक्ने अवस्था रहेको छ । त्यसकारण विद्यालयमा सरसफाइ कार्यक्रमलाई सामान्य औपचारिकतामा मात्र सीमित नराखी विद्यालयको एक महत्वपूर्ण पक्षको रुपमा लिएर कार्य गर्न जरुरी देखिन्छ ।

### ४.४ विद्यालयको खेलमैदान, कक्षाकोठा तथा कम्पाउन्डको भौतिक अवस्था

विद्यालयमा उचित पठनपाठनको लागि शिक्षक विद्यार्थी मात्र भएर हुँदैन । विद्यालयको खेलमैदान, कक्षाकोठा, विद्यालय भवन, कम्पाउन्ड आदिको भौतिक संरचना पनि अनुकूल हुन जरुरी छ । यसकारण अध्ययन गरिएका सामुदायिक मा. वि. को भौतिक संरचनाका विविध पक्षलाई यस खण्डमा समावेश गरिएको छ ।

#### ४.४.१ खेलमैदाको अवस्था

विद्यालयमा विद्यार्थीलाई कक्षाकोठामा सैद्धान्तिक ज्ञानका साथै व्यवहारिक ज्ञान प्रदान गर्ने तथा अन्य अतिरिक्त कियाकलाप सञ्चालन गर्नका लागि विद्यालयमा उपयुक्त र पर्याप्त मात्रामा खेलमैदानको आवश्यकता पर्दछ । यो शोधपत्र तयारी गर्ने क्रममा गरिएको अध्ययन अनुसार सामुदायिक मा. वि. का खेलमैदानको अवस्थालाई तालिका ११ मा देखाइएको छ ।

तालिका ११ : विद्यालयको खेलमैदानको विवरण

| क.स. | विद्यालय | खेलमैदान सं. | अवस्थिति | खेलमैदानको अवस्था |
|---|---|---|---|---|
| १ | श्री मा. वि. | १ | विद्यालय बाहिर | घेराबेरा नभएर मानिस तथा विभिन्न जनावरहरुको पहुँच भएको |
| २ | श्री स.मा.वि. | १ | विद्यालय हाताभित्र | निर्माणजन्य सामग्रीका टुका तथा पानी जम्ने भएको |

स्रोत : स्थलगत अध्ययन-२०७९

तालिका ११ लाई हेर्दा विद्यालय परिसर भित्र रहेको खेलमैदानमा पनि निर्माण सामग्री राख्ने र काम सकिएपछि सफा नगर्ने, पानी जम्ने खाल्डा खुल्डी नपुरेको अवस्था रहेको छ । जसको कारणले विद्यार्थीलाई खेलकुदका गतिविधि सञ्चालन गर्न कठिन भएको देखिन्छ । साथै विद्यालय परिसर भन्दा बाहिर विद्यालयको स्वामित्वमा भएको खेलमैदानमा पनि घेराबेरा नगरिएको र अनावश्यक रुपमा बाह्य मानिस तथा चौपायाहरु सहज रुपमा आवत जावत गर्ने भएकाले खेलकुदका कियाकलाप गर्न कठिन भएको तथा जुनसुकै समयमा दुर्घटना हुनसक्ने सम्भावना त्यतिकै धेरै रहेको कुराप्रति सम्बन्धित निकायको ध्यान जरुरी छ ।

### ४.४.२ विद्यालय भवन तथा कक्षाकोठाको भौतिक अवस्था

सामुदायिक विद्यालय भवन तथा कक्षाकोठा असल हुनका लागि विभिन्न भौतिक संरचनामा विशेष ध्यान दिनु जरुरी हुन्छ । तथापि नेपालका अधिकांश विद्यालय निर्माण गर्दा ऐलानी जग्गा वा दाताबाट प्राप्त स्थानमा नै विद्यालय स्थापना गर्दा न्युनतम मापदण्ड समेत ख्याल नगरी विद्यालय भवन तथा कक्षाकोठा बनाउने गरिएको पाइन्छ । अध्ययन गरिएका विद्यालयहरुको भवन तथा कक्षाकोठाको भौतिक संरचनाको अवस्थालाई तालिका १२ मा देखाइएको छ ।

तालिका १२ : विद्यालयको भौतिक संरचनाको अवस्था

| क.स. | विद्यालय / विवरण | श्री मा. वि., छिटाहा | श्री स.मा.वि., औराबनी |
|---|---|---|---|
| १ | विद्यालय भवन संख्या | ७ वटा | |
| २ | विद्यालयको छाना | दुई भवन दुईतल्ले पक्की ढलान भएको र ५ वटा भवनमा जस्ता लगाइएको | तीन भवन दुईतल्ले पक्की ढलान भएको |
| ३ | प्रकाशको आपूर्ति | पर्याप्त भएको | पर्याप्त भएको |
| ४ | मुख्य प्रवेशद्वार संख्या र अवस्थित दिशा | एक (पूर्वतर्फ) | एक (उत्तरतर्फ) |
| ५ | विद्यालयको अवस्थिति | सडकसँगै र बस्तीबाट नजिकै | सडकसँगै र बस्तीभन्दा अलिक टाढा |
| ६ | घेराबारको अवस्था | भवन र पक्की पर्खाल | चारैतिर पक्की पर्खाल |
| ७ | पर्किङ अवस्था | नभएको (खुल्ला) | नभएको (खुल्ला) |

स्रोत : स्थलगत अध्ययन-२०७९

अध्ययन गरिएका विद्यालयहरु सडकसँगै तथा बस्तीसँग रहेको पाइयो । जसले गर्दा विद्यालयमा विभिन्न समस्या सिर्जना हुन सक्ने अवस्था रहेको छ । श्री मा.वि. मा आंशिक पर्खाल र श्री सं मा.वि. मा चारैतिर पक्की पर्खाल तथा खेलमैदानको चार दिशामै तारबेरा गरेको देखिन्छ । साथै विद्यालय परिसरमा साइकल तथा मोटरसाइकल पार्किङ क्षेत्र निर्धारण गरी व्यवस्थित रुपमा पार्किङ सुविधा हुनुपर्ने आवश्यक रहेको देखिन्छ । समग्रमा हेर्दा विद्यालयको भौतिक व्यवस्थापनले विद्यालय सरसफाइले प्रत्यक्ष सरोकार राख्ने भएकाले विद्यालयमा विस्तृत अध्ययन गरी व्यवस्थित योजना बनाई भौतिक संरचना निर्माण गर्दा राम्रो हुने थियो ।


## ४.५ विद्यालय सरसफाइका क्षेत्रमा प्राप्त नीति तथा कार्यहरुको विवरण

विद्यालयको भौतिक सुविधाको उचित व्यवस्थापन प्रयोग गरेर मात्र पूर्ण रुपमा विद्यालय सरसफाइको अवस्था सिर्जना हुन नसक्ने भएकाले यसका लागि विद्यालय सरसफाइ नीति तथा कार्यक्रमहरु निर्माण गरी लागु गर्न जरुरी देखिन्छ । विद्यालयको सरसफाइ कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि विद्यालयभित्र र विद्यालयबाहिर पनि लागु हुने गरी नीति नियम निर्माण गरी सरोकारवाला सबैको प्रत्यक्ष संलग्नतामा कार्य गर्नु जरुरी हुन्छ । विद्यालय सरसफाइ नीति तथा यससँग सम्बन्धित अन्य कार्यहरुका बारेमा विद्यालयमा भएका पहल तथा कार्यन्वयन अवस्था आदि पक्षलाई शोधपत्रको यस खण्डमा समावेश गर्ने प्रयास गरिएको छ ।

### ४.५.१ विद्यालयमा सरसफाइ कोष तथा सरसफाइ सामग्रीको विवरण

विद्यालयको सरसफाइ सम्बन्धी कार्यक्रम सञ्चालन गर्न तथा सरसफाइ सामग्रीको व्यवस्थापन गर्नका लागि आर्थिक स्रोत अनिवार्य हुन्छ । आर्थिक स्रोतविना विद्यालय सरसफाइ कार्यक्रम पनि प्रभावित हुने देखिन्छ । यस सन्दर्भमा गरिएको अध्ययनबाट सामुदायिक विद्यालयमा सरसफाइ सामग्री सङ्कलन तथा व्यवस्थापन कार्यलाई चित्र ४ मा देखाइएको छ ।

चित्र ४ : सरसफाइ सामग्रीको विवरण




स्रोत : स्थलगत अध्ययन-२०७९

सुनसरीको गढी सामुदायिक मा. वि. को अध्ययन गर्दा स्वास्थ्य सरसफाइ कोषको व्यवस्था नगरेको पाइयो । विद्यालय सरसफाइका लागि सामग्री खरिद गर्ने तथा सरसफाइ कार्यक्रम सञ्चालन गर्न खासै महत्व नदेखिएको देखिन्छ । यसका साथै सरसफाइ सामग्रीको

व्यवस्थापनको लागि गरिएको जिज्ञासामा चित्र ४ मा देखाइए बमोजिम ४० पतिशत विद्यालयले विद्यालयको कोषबाट सामग्री खरिद तथा सरसफाइ कार्यक्रम गर्ने गरेको, ४० पतिशत विद्यालयहरुले विभिन्न सङ्घ संस्था तथा अन्य दातामा आश्रित रहेको र २० प्रतिशत विद्यालयमा विद्यार्थी स्वयंमले सरसफाइ सामाग्री जुटाउनु पर्ने अवस्था रहेको देखिन्छ । तसर्थ विद्यालयमा सरसफाइ कोष स्थापना गरेमा नियमित रुपमा सरसफाइ कार्यक्रम गर्न आवश्यक सामग्री जुटाउन सजिलो हुने र विद्यालयको शैक्षकि कार्यक्रम पनि राम्रोसँग हुन सक्छ ।

### ४.५.२. विद्यालय सरसफाइका नीति तथा कार्यक्रमहरु

नेपालको नीति नियम निर्माण गर्ने निकायले विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम राष्ट्रिय रणनीति तयार पारेको भएता पनि विद्यालय सरसफाइको सम्बन्धमा राष्ट्रिय नीति नबनेको अवस्थामा सामुदायिक विद्यालयहरुमा विद्यालय स्वास्थ्य सरसफाइका क्षेत्रमा समेत नीति निर्माण गर्न कठिन रहेको छ । उचित नीतिको अभावमा विद्यालय सरसफाइका कार्यक्रम नियमित नहुने तथा सरसफाइका आधारभूत पक्षहरु समेत के के हुन भन्ने कुरामा विद्यालय स्पष्ट नभएको अवस्था रहेको छ । यस सन्दर्भमा अध्ययन गर्दा विद्यालय सरसफाइ नीति तथा कार्यक्रमहरु तालिका १३ बमोजिम रहेको छ ।

तालिका १३ : विद्यालय सरसफाइ नीति तथा कार्यक्रमहरु

| **क.स.** | **विद्यालय** | **चालु शैक्षिक सत्रका लागि विद्यालयमा सरसफाइ नीति** | **विद्यालय सरसफाइका कार्यक्रमहरु** |
|---|---|---|---|
| १ | श्री मा. वि. | औपचारिक रुपमा नभए पनि दैनिक सरसफाइ कार्य गर्ने | कक्षाकोठा सरसफाइ |
| २ | श्री स. मा. वि. | नियमित सरसफाइ कार्यक्रमलाई निरन्तरता दिने | कक्षाकोठा र मैदानको सरसफाइ |

स्रोत : स्थलगत अध्ययन-२०७९


तालिका १३ लाई अध्ययन गर्दा यस शैक्षिक सत्रको लागि अध्ययन गरिएको विद्यालयहरुमा सरसफाइका सामान्य कार्यहरु गर्ने बाहेक विशेष सरसफाइ नीति नरहेको अवस्था देखिन्छ । कक्षाकोठाको सरसफाइ गर्नु तथा खेलमैदानमा भएका कागजका टुक्रा तथा रुख विरुवाका पात र घाँस, झार सफा गर्नु मात्र विद्यालय सरसफाइका कार्यक्रम सम्बन्धी नीति निर्माणमा समेत

ध्यान नदिएको अवस्था देखिन्छ । समग्रमा हेर्दा  विद्यालय सरसफाइ नीतिमा नियमित कक्षाकोठा सरसफाइ गर्नु तथा विशेष अवसरमा खेलमैदान सरसफाइ गर्ने साथै २० प्रतिशत विद्यालयमा भने प्रत्येक कक्षामा सरसफाइका सामग्रीको व्यवस्था गर्ने कार्य यस शैक्षिक सत्रमा गर्ने गरी कार्य भइरहेको जानकारी प्राप्त भएको छ । यसरी हेर्दा नीतिगत रुपमा नै विद्यालय सरसफाइ कार्यक्रम लागू गर्नका लागि विद्यालय र समुदाय स्तरमा व्यापक रुपमा छलफल गरी नीति तर्जुमा गरी लागू गरेर विद्यालयलाई स्वास्थ्य तथा सरसफाइयूक्त बनाउन पहल गर्न जरुरी देखिन्छ ।

### ४.५.३ विद्यालय सरसफाइका लागि स्थानीय सङ्घं संस्था तथा समुदायको भूमिका

स्वास्थ्य तथा सरसफाइयुक्त विद्यालयमा अध्ययन गर्न पाउनु प्रत्येक विद्यार्थीको अधिकार भए पनि विभिन्न अवस्था तथा परिस्थितिले गर्दा सरसफाइयुक्त  विद्यालय वातावरण नबन्न सक्दछ । विद्यालय सरसफाइ कार्यमा विद्यालयमात्र सक्रिय भएर पनि हुदैन यसका लागि विद्यालय, स्थानीय संघ संस्था, गा. पा. तथा स्थानीय समुदायको पनि उतिकै महत्वपुर्ण भुमिका रहन्छ । यस सन्दर्भमा गरिएको अध्ययन अनुसार बहुसङ्ख्यक विद्यालयमा स्थानीय समुदायको विद्यालय सरसफाइमा उल्लेखनीय सरसहयोग नापाइएको गुनासो प्राप्त भएको छ भने केही  गैरसरकारी संस्थाहरुले अन्तरक्रिया कार्यहरु गर्ने गरेको तथा २० प्रतिशत विद्यालयमा दुईवटा फोहोर जम्मा गर्ने कन्टेनर उपलब्ध गराएको जानकारी प्राप्त भएको छ । समग्रमा हेर्दा सामुदायिक विद्यालयहरुले विद्यालय सरसफाइका क्षेत्रमा स्थानीय निकाय, संघ संस्था तथा समुदायमा समन्वय गर्ने नगरेको कारण विद्यालय सरसफाइका क्षेत्रमा आवश्यक सहयोग नगरेको देखिन्छ । विद्यालय सरसफाइ कार्यलाई प्रभावकारी रुपमा स्थानीय समुदाय तथा संघ संस्थाको भूमिकालाई चित्र ५ मा देखाउन प्रयास गरिएको छ ।

चित्र ५ : विद्यालय सरसफाइमा स्थानीय समुदायको भूमिका





चित्र ५ अनुसार स्थानीय समुदायले विद्यालय सरसफाइ कार्यमा महत्वपुर्ण भूमिका निभाउन सक्दछन । जसको फलस्वरुप विद्यालय स्वास्थ्य तथा सरसफाइयुक्त हुन गई विद्यालयको शैक्षिक वातावरणमा सुधार ल्याउन मद्दत्त पुग्नुका साथै विद्यालयमा हुने खर्चको आर्थिक भार कम हुन जान्छ र विद्यालय तथा समुदायको समेत सुधार आउने गर्दछ ।

### ४.५.४ विद्यालय रहेको समुदायलाई खुला दिसामुक्त क्षेत्र बनाउन विद्यालयको पहलहरु

नेपालमा तनहु जिल्लाको वन्दीपुर गा.वि.स बाट खुल्ला दिसामुक्त क्षेत्र घोषणा गर्ने अभियान सुरु भएयता देशका विभिन्न जिल्लाको धेरै क्षेत्र लाई खुल्ला दिसामुक्त क्षेत्र घोषणा गर्ने कार्यले निरन्तरता पाइरहेको छ । हालसम्म ३ जिल्लाहरु (कास्की , चितवन र तनहु) पूर्ण रुपले खुल्ला दिसामुक्त जिल्ला घोषणा भई सकेको अवस्था रहेको छ । नेपाल सरकारले सन् २०१७ सम्ममा सम्पूर्ण नेपाललाई नै खल्ला दिसामुक्त क्षेत्र गर्ने लक्ष्य राखेको छ । सुनसरी जिल्लाका केही गा. पा. तथा न. पा. हरु पनि खल्ला दिसामुक्त क्षेत्र घोषणा गरिसकेको अवस्थामा अध्ययनका लागि छनोट गरिएको गढी गा. पा. पनि हो । तर सामुदायिक मा.वि. रहेको समुदायलाई विद्यालयको तर्फबाट खुल्ला दिसामुक्त गर्नको लागि के कस्ता कार्य भएका छन् भनि जिज्ञासा राख्दा सबै विद्यालयले कक्षाकोठामा दिइने औपचारिक शिक्षा बाहेक अरु कार्य नगरेको कुरा स्थलगत

अध्ययनको कममा थाहा हुन आएको छ । यसर्थ यसरी सामुदायिक विद्यालयबाट समुदायलाई खुल्ला दिसामुक्त क्षेत्र बनाउने क्रममा औपचारिक शिक्षा शिक्षणमा सीमित रहदा ग्रामीण भेगमा खुल्ला दिसामुक्त क्षेत्र घोषणा गर्ने लक्ष्य प्राप्ति गर्न कठिन भएको देखिन्छ ।

चित्र ६ :  खुल्ला दिसामुक्त क्षेत्र घोषणा प्रकिया




तसर्थ सामुदायिक विद्यालय, स्थानीय जनसमुदाय सवैको तर्फबाट पहल  गर्नुका साथै आ-आफ्नो क्षमता तथा क्षेत्रबाट कार्य गर्नु नितान्त जरुरी देखिन्छ । समुदायलाई खुल्ला दिसामुक्त क्षेत्र बनाउनका लागि केही चरणहरु पार गर्दै त्यसलाई निरन्तर अनुगमन गर्नु जरुरी हुन्छ । समुदायलाई दिसामुक्त बनाउन चित्र ६ मा देखाइएको प्रकिया अपनाउनु पर्दछ ।

यसरी विद्यालय रहेको समुदायलाई पूर्ण रुपमा खल्ला दिसामुक्त क्षेत्र घोषणा गरिसकेपछि सरसफाइका अन्य कियाकलापहरु हातमुख धुने, नुहाउने, नङ काटने, सफा कपडा लगाउने, खाना तथा पानीको सुरक्षा तथा सरसफाइ गर्ने, फोहोरको वर्गीकरण गरी फरक फरक तरिकाले व्यवस्थापन गर्ने, घर आँगन, सार्वजनिक स्थल तथा विद्यालयको समेत सरसफाइ गर्ने, फोहोर पानी तथा वर्षाको पानीको उचित निकास गर्ने, विद्यालयमा फूलबारी निर्माण तथा वृक्षारोपण गर्ने, बालक्लव, स्थानीय संस्था तथा व्यक्ति मार्फत् अन्तरक्रियात्मक कार्यक्रम गर्ने जस्ता


गतिविधि सञ्चालन गरी समुदायलाई पूर्ण सरसफाइका अवस्थामा पुऱ्याउन विद्यालयले महत्वपूर्ण योगदान पुऱ्याउन सक्छन् ।

### ४.५.५ स्वास्थ्य र सरसफाइयुक्त विद्यालय निर्माण

विद्यालय समाजको एक महत्वपूर्ण अङ्ग भएकाले विद्यालयमा हुने प्रत्येक सकारात्मक तथा नकारात्मक अभ्यास समाजमा प्रत्यक्ष रुपमा देखा पर्ने हुन्छ । तसर्थ विद्यालयमा स्वास्थ्य र सरसफाइसँग सम्बन्धित कार्यहरु जे जस्तो गरिन्छ सोही अनुसार विद्यार्थीहरुले आफ्नो घर, छर-छिमेकी तथा समाजमा अनुशरण गर्ने भएकाले विद्यालय सरसफाइका क्षेत्रमा विद्यालयले गर्ने कार्यको प्रभाव समुदायमा पनि पर्ने हुनाले विद्यालयमा नियमित रुपमा योजनावद्ध तरिकाले सरसफाइ कार्यक्रमलाई निरन्तरता दिनु पर्ने देखिन्छ । यद्यपि नेपालको भौगोलिक, समाजिक तथा आर्थिक पक्षले गर्दा विद्यालयमा हुने हरेक गतिविधिलाई प्रभाव पार्ने भएकाले पनि विद्यालय स्वास्थ्य सरसफाइ नीति तथा कार्यक्रम प्रभावित भएको पाइन्छ ।

समग्रमा हेर्दा सामुदायिक विद्यालयहरुमा सरसफाइका न्यूनतम सुविधाहरु पनि पूरा नभएको देखिन्छ । विद्यालय स्वास्थ्य तथा सरसफाइयुक्त बनाउन विभिन्न पक्षले प्रभाव पार्दछ । विद्यालय स्वास्थ्य तथा सरसफाइयुक्त बनाउन विद्यालयको भौतिक संरचना, सरसफाइमा सामग्रीहरुको उपलब्धता तथा सरोकारवाला विभिन्न संघ संस्था तथा अन्य निकासको पनि समान्यात्मक रुपमा कार्य गर्नु जरुरी हुन्छ । विद्यालय स्वास्थ्य तथा सरसफाइयुक्त वातावरण बनाउने प्रमुख पक्षहरुलाई चित्र ७ मा देखाउने प्रयास गरिएको छ ।

चित्र ७ : स्वास्थ्य र सरसफाइयुक्त विद्यालय




यसरी चित्र ७ मा देखाइए बमोजिम सामुदायिक विद्यालयलाई स्वास्थ्य तथा सरसफाइयुक्त बनाउन सकिन्छ । यसरी विद्यालय स्वास्थ्य बनाउन चित्रमा देखाइएका पक्षहरूका साथै बाल क्लब, शिक्षक-अभिभावक, विद्यालय व्यवस्थापन समिति, स्थानीय निकाय, संघसंस्था स्वास्थ्यकर्मी आदिको आपसी समन्वय तथा सहकार्य हुनु जरुरी हुन्छ । यसरी सबै पक्षबीच सहकार्य भएर स्वास्थ्य तथा सरसफाइयुक्त विद्यालय निर्माणमा महत्वपूर्ण योगदान रहने देखिन्छ ।

## ४.६ सारांश

विद्यालयको उचित नीति तथा योजनाको अभावमा सामुदायिक विद्यालयहरुमा भौतिक वातावरणको कार्यक्रम प्रभावकारी रूपमा लागू गर्न नसकिएको अवस्था रहेको छ । यसै सन्दर्भलाई ध्यानमा राखेर यो शोधपत्र तयार गरिएको छ ।

यो शोधपत्र सुनसरी जिल्लाको गढी गा. पा. को सामुदायिक मा. वि. मा भौतिक वातावरणको अवस्था शीर्षकमा तयार गरिएको छ । यस अध्ययनको मुख्य उद्देश्यमा विद्यालयको खानेपानी, चमेना गृह, शौचालयको सरसफाइ, फोहोर व्यवस्थापन, विद्यालय सरसफाइ तथा स्थानीय समुदायको भूमिका र विद्यालयले स्थानीय समुदायलाई खुल्ला दिसामुक्त बनाउन गरेका कार्यहरु पत्ता लगाउनु रहेको छ। प्रश्नावली तथा अवलोकन रुजुसूचीको माध्यमबाट प्राप्त जानकारीलाई व्याख्या तथा विश्लेषण गरी आवश्यक मात्रामा तालिका तथा चित्रमा प्रस्तुत गरी शोधपत्र तयार गरिएको छ।

यस अध्ययन अनुसार ४० प्रतिशत सामुदायिक विद्यालयमा मात्र धाराको व्यवस्था रहेको, खानेपानी शुद्धीकरण गर्ने काममा शतप्रतिशत विद्यालय उदासिन रहेको, ७० प्रतिशत शौचालयमा धारा जडान भएको, विद्यालय सरसफाइमा स्थानीय समुदाय तथा संस्थाहरूको खासै भूमिका नभएको, साथै समुदायलाई खुल्ला दिसामुक्त बनाउन विद्यालयबाट उल्लेखनीय कार्य नभएको देखिन्छ । समग्रमा हेर्दा सुनसरी जिल्लाका सामुदायिक विद्यालयहरूमा भौतिक वातावरणको अवस्था कमजोर रहेको देखिन्छ।

### ४.६.१ नतिजा

यस अध्ययनको मुख्य प्राप्ति देहाय बमोजिम रहेको छ।

१. दुईवटा सामुदायिक मा.वि.मा न्यूनतम ६ जना महिला शिक्षक र अधिकतम १७ जना पुरुष शिक्षक कार्यरत रहेको पाइयो ।
२. दुईवटा सामुदायिक मा.वि.मा कक्षा एकदेखि दशसम्म अध्ययनरत विद्यार्थीहरुमा न्यूनतम ५२७ जना अधिकतम ६२३ जनासम्म रहेका पाइयो ।
३. शिक्षक विद्यार्थीको अनुपात न्युनतम १:२३ देखि अधिकतम १:३७ रहेको र औसत शिक्षक-विद्यार्थी अनुपात १:३० रहेको पाइयो ।
४. अध्ययन गरिएका विद्यालयहरू मध्ये ३८ प्रतिशत मात्र विद्यालयमा खानेपानीको लागि धाराको व्यवस्था भएको पाइयो भने ६२ प्रतिशतले ट्युवेलको पिउने गरेको पाइयो ।
५. दुवै विद्यालयहरुमा पानी फिल्टर प्रयोग नगरी वा शुद्धीकरण नगरिकन प्रयोग गर्ने गरेको पाइयो ।
६. खानेपानीको स्रोत वरीपरी सबै विद्यालयमा सरसफाइको अभाव रहेको पाइयो ।

७. चमेना गृहको सुविधा नरहेको तथा विद्यालय बाहिर मात्र रहेको जसमा पनि आधारभूत सरसफाइ तथा पर्याप्त खाजा तथा पानीको अभाव रहेको पाइयो ।

८. सामुदायिक विद्यालयमा उपलब्ध शौचालयमा विद्यार्थीको चाप न्यूनतम ६५ जना विद्यार्थी बराबर एक शौचालय र अधिकतम चाप ८९ जना विद्यार्थी बराबर एक शौचालय पर्न गएको पाइयो ।

९. सामुदायिक मा. वि. मा रहेको शौचालय जाने बाटो सफा नगरिएको अवस्थामा रहेको पाइयो ।

१०. अध्ययन गरिएका दुवै विद्यालयको कूल शौचालयमध्ये क्रमशः ८८/८९ प्रतिशत शौचालयमा मात्र धारा जडान गरिएको र १२/११ प्रतिशत शौचालयमा बाहिरबाट पानी लानु पर्ने अवस्था रहेको पाइयो ।

११. अध्ययन गरिएका विद्यालयहरुको कूल शौचालय मध्ये २५ प्रतिशत शौचालय खानेपानीको स्रोतदेखि २५ मिटर भन्दा पर रहेको र ७५ प्रतिशत शौचालय खानेपानीको स्रोतबाट २५ मिटरभित्र नै रहेको पाइयो ।

१२. दुवै विद्यालयमा २/२ वटा मात्र फोहोर फाल्ने कन्टेनरको व्यवस्था गरिएको पाइयो ।

१३. विद्यालयबाट उत्पादन हुने तरल फोहोरलाई ३० प्रतिशत विद्यालयले नजिकको कुलोमा मिसाउने गरेको, १० प्रतिशत विद्यालयले त्यसै खानेपानीको स्रोत वरिपरि नै छाडीदिने र ६० प्रतिशत विद्यालयले खाल्डोमा जम्मा गर्ने गरेका पाइयो ।

१४. अध्ययन गरिएको विद्यालयहरु मध्ये कुनै पनि कक्षामा कुच्चोको व्यवस्था नभएको र दुवै विद्यालयहरुको कार्यालयमा बाहेक अरु कक्षाकोठामा फोहोर उठाउने भाँडा तथा डस्विनको उपलब्धता नरहेको पाइयो ।

१५. कक्षाकोठा दुवै विद्यालयहरुमा दैनिक सरसफाइ गर्ने गरिएता पनि खेलमैदानको सरसफाइमा विद्यालय उदासिन रहेको पाइयो ।

१६. सामुदायिक माध्यमिक विद्यालयहरुमा कार्यालय सहित न्यूनतम १६ कोठादेखि अधिकतम २० कोठासम्म भएका विद्यालय भवनहरु रहेको पाइयो ।

१७. अध्ययन गरिएका श्री स. मा. वि. का केही पुरानो भवनहरु बाहेक सबै पक्की भवन निर्माण भइरहेको पाइयो भने श्री मा. वि. का दुईवटा भवन बाहेक सबै भवनहरुमा जस्ताको पाता रहेको पाइयो ।

१८. अध्ययन गरिएका विद्यालयहरुमा साइकल तथा मोटरसाइकल पार्किङको व्यवस्था उचित तरीकाले नगरिएको तर खाली ठाउँ भन्ने प्रशस्त भएको पाइयो ।

१९. विद्यालयमा सरसफाइ आचारसंहितालाई औपचारिक रूपमा ८० प्रतिशत विद्यालयमा मात्र लागू गरिएतापनि पूर्णरुपमा सबै विद्यालयमा पालना नभएको पाइयो ।

२०. अध्ययन गरिएका दुबै समुदायिक विद्यालयमा सरसफाइ कोषको व्यवस्था नगरिएको र ४० प्रतिशत विद्यालय सरसफाइ सामग्री जुटाउन पूर्णरुपमा दातामा निर्भर रहेको र २० प्रतिशत विद्यालयले विद्यार्थी स्वयम्लाई घरबाट सरसफाइ सामग्री ल्याउन लगाउने गरेको पाइयो ।

२१. चालु शैक्षिक सत्रका लागि विद्यालयले सरसफाइ सम्बन्धी विशिष्ट नीति निर्माण नगरे पनि ५० प्रतिशत विद्यालयले प्रत्येक कक्षामा सरसफाइ सामग्री उपलब्ध गराउने नीति रहेको पाइयो ।

२२. विद्यालय सरसफाइमा स्थानीय समुदायको सहयोग दुवै समुदायिक विद्यालयमा उल्लेखनीय रूपमा नरहेको पाइयो ।

२३. विद्यालयले स्थानीय समुदायलाई खुल्ला दिसामुक्त क्षेत्र बनाउनका लागि कक्षाकोठामा दिइने औपचारिक शिक्षामा मात्र सिमित रहेको पाइयो ।

# परिच्छेद - ५

# निष्कर्ष र सुझावहरु

## ५.१ निष्कर्ष

सामुदायिक विद्यालयमा भौतिक वातावरणको अवस्था अध्ययनबाट प्राप्त तथ्याङ्क तथा प्राप्त नतिजालाई हेर्दा सामुदायिक मा. वि. को तल्लो कक्षाहरुमा विद्यार्थीको उपस्थिति कम हुँदै गएको अवस्था देखिन्छ ।

सामुदायिक विद्यालयहरुमा खानेपानीको स्रोत तथा शुद्धीकरण गरेर पानी सेवन गर्ने तथा पानीको स्रोत वरिपरि सरसफाइ गर्ने कार्यमा विद्यालयले ध्यान दिन नसकेको देखिन्छ । त्यसै विद्यालयमा चमेना गृह, शौचालय, फोहोरमैला सरसफाइका लागि आवश्यक सरसफाइको व्यवस्थापन कार्यमा विद्यालयले कम महत्व दिएको पाइन्छ । विद्यालयमा उत्पादन हुने ठोस तथा तरल फोहोरको उचित वर्गीकरण गरेर उपयुक्त रुपमा व्यवस्थापन नगरिएको देखिन्छ । सामुदायिक विद्यालयको पार्किङ पर्याप्त र उचित व्यवस्थापन हुन नसकेको देखिन्छ । सबै समुदायिक विद्यालयहरुमा बालक्लब, सरसफाइ आचारसंहिता, विद्यार्थी, शिक्षक, कर्मचारीको स्वास्थ्य परीक्षण आदि पक्षमा विद्यालयको ध्यान जानु जरुरी छ, जुन अध्ययन गरिएका समुदायिक विद्यालयहरुमा हुन नसकेको देखिन्छ । विद्यालय सरसफाइका लागि आवश्यक पर्ने सरसफाइका सामग्रीहरुको उचित प्रवन्ध गर्नु, तथा स्थानीय संघसंस्था तथा समुदायसँग सहकार्य गर्नु पर्ने देखिन्छ । साथै विद्यालयले पनि समुदायलाई पूर्ण सरसफाइको अवस्थामा पुऱ्याउन कक्षाकोठामा दिइने औपचारिक शिक्षामा मात्र सीमित नभई व्यापक कार्य गर्न जरुरी देखिन्छ ।

## ५.२ सुझावहरु

सामुदायिक विद्यालयमा भौतिक वातावरणको अवस्था अध्ययनको नतिजा तथा निष्कर्षको आधारमा अनुसन्धानकर्ताले विभिन्न किसिमका सुझावहरु दिन आवश्यक देखिएको छ जुन सुझावहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### ५.२.१ नीति सम्वन्धी सुझावहरु

- सरकारी तवरबाट विद्यालयमा सरसफाइ सम्बन्धी कार्यक्रमहरु लागू गरी भौतिक वातावरणमा विशेष जोड दिनुपर्ने ,

- स्वाथ्यपूर्ण विद्यालय वातावरण निर्माणमा जोड दिनुपर्ने ,
- विद्यालयमा सफा र सुरक्षित कार्यालय, पुस्तकालय, कक्षाकोठा, प्राथमिक उपचार कक्ष, खेलमैदानको उचित व्यवस्था गरिनुपर्ने विद्यालय परिसरभित्र फूलवारी निर्माण तथा वृक्षारोपण गर्ने,
- विद्यालयमा छात्र, छात्रा र शिक्षकको लागि अलग अलग शौचालयको व्यवस्था गर्ने तथा पर्याप्त मात्रामा युरिनलको व्यवस्था गरिनु पर्ने,
- विद्यालयमा हुने ठोस फोहोरको वर्गीकरण गरी व्यवस्थापन गरिनु पर्ने तथा तरल फोहोरको उचित निकास तथा व्यवस्थापनमा जोड दिइनु पर्ने,
- विद्यालयमा व्यवस्थित चमेनागृहको निर्माण तथा नियमित सरसफाइ गरिनु पर्ने,

### ५.२.२ अभ्यास सम्वन्धी सुझावहरु

अनुसन्धानको क्रममा प्राप्त तथ्याङ्कलाई व्याख्या र विश्लेषण गरेपश्चात प्राप्त नतिजा र निष्कर्षहरुको आधारमा निम्न सुझावहरु दिन आवश्यक देखिएको छ :

- विद्यालयमा खानेपानी सम्बन्धी शुद्धीकरणमा जोड दिइनु पर्ने ।
- विद्यालयबाट निस्कने फोहोरमैलाको उपयुक्त विसर्जन गरिनु पर्ने ।
- फोहोरमैला र प्रदुषित रोगबाट लाग्न सक्ने रोग बारे विस्तृत रुपमा स्वास्थ्य शिक्षामा जोड तथा स्वास्थ्य परीक्षण गरिनु पर्ने ।
- विद्यालयमा व्यवस्थित शौचालय तथा चमेनागृहको निर्माण गरिनु पर्ने ।

### ५.२.३ थप अनुसन्धानका लागि संभावित शीर्षकहरु

अनुसन्धान अवधिको क्रममा अनुसन्धानकर्ताले आफ्नो अनुसन्धानसँग सम्बन्धित अन्य विभिन्न विषयहरुका बारेमा पनि थप जानकारी प्राप्त गरेको हुन्छ । जुन कुराहरुले पछिल्लो अनुसन्धानका लागि थप टेवा पुऱ्याउने गर्दछन् । ती विषयवस्तुहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- विद्यालयमा उपलब्ध भौतिक संरचनाको व्यवस्थापन सम्बन्धी ज्ञान, धारणा र व्यवहार
- विद्यालयमा भौतिक वातावरणले विद्यार्थीको शैक्षिक उपलब्धिमा पार्ने प्रभाव

- विद्यालयमा चमेनागृह बनाई शिक्षक, विद्यार्थी तथा कर्मचारीको माग अनुसार खाजा नास्ताको व्यवस्थापनमा जोड
- विद्यालयमा भौतिक वातावरणको कारणले सवै सरोकारवालाको मनोव्यावहारिक पक्षमा असल प्रभाव

# References (ग्रन्थ सुची)


अधिकारी, विष्णुप्रसाद (२०६८) *नेपालको शैक्षिक प्रणाली,* काठमाण्डौःआशिष बुक्स हाउस सर्भिस

अधिकारी, विष्णुप्रसाद(२०७१) *माध्यमिक शिक्षा दिग्दर्शन,* काठमाण्डौः आशिष बुक्स हाउस सर्भिस प्रा.लि., बागबजार ।

पौडेल, रुपाकुमारी (२०६७) *विद्यालयको वर्तमान भौतिक अवस्था* (अप्रकाशित) ।

पाण्डे, र., सरदार, केसी, क. ब., र वी. उड., ह., डा. (२०११). *नेपालमा शिक्षा नेपाल राष्ट्रिय शिक्षा आयोगको विवरण* . प्रकाशन विभाग, कलेज अफ एजुकेशन. http://www.cred.gov.np/SoftAdmin/content/2011_Nepali.pdf

विष्ट, उद्धव (२०६७) *विद्यालय सञ्चालन : अबको चिन्तन, खोटाङ चुम्लुङ सम्झना समाज,* भागवत प्रिन्टिङ प्रेस, विराटनगर ।

शिक्षा मन्त्रालय (२००९) *शिक्षासम्वन्धी उच्चस्तरीय कार्यसमिति २०५८,* राष्ट्रिय शिक्षा वोर्ड, काठमाण्डौं ।

शिक्षा मन्त्रालय (२००८) *माध्यमिक शिक्षा सहयोग कार्यक्रम (२००३–२००८)* काठमाण्डौं ।

शिक्षा मन्त्रालय.(२०२८). *राष्ट्रिय शिक्षा पद्धति २०२८-२०३२ सम्मको योजना,* काठमाण्डौं ।

उच्चस्तरीय शिक्षा आयोग (२०५५). *उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन २०५५,* उच्चस्तरीय शिक्षा आयोग, केशरमहल, काठमाण्डौं ।

थापा, ताराबहादुर, (२०६८) *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* सनलाइट पब्लिकेसन, कीर्तिपुर, काठमाडौं ।

शर्मा, डण्डपाणि र शर्मा, दिवाकर, (२०६९) *प्रज्ञान शिक्षक सेवा दिग्दर्शन (प्राथमिक तह)* प्रज्ञान प्रकाशन प्रा.लि., काठमाडौं ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला, (२०७०) *शिक्षाको परिचय,* एम.के.पब्लिसर्स, काठमाडौं, भोटाहिटी ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला, (२०६८) *शिक्षाका आधारहरु*, एम.के. पब्लिसर्स, भोटाहिटी ।

ढकाल (२०५१). *भक्तपुर जिल्लामा ठोस फोहोरमैलाको व्यवस्थापन* ।

A case Study of Sanitation Revolution through school children and school sanitation and hygiene education programme Shree Bhadgaun.

Baidya, H. B.(1997). *An analytical study of sanitary facilities and their management on the secondary school of Birgunj Municipality*. An unpublished Master's Thesis to Health, Physical and Population Education Department, T. U. Kathmandu.

Budhathoki, CB (2019). *Water Supply, Sanitation and Hygiene Situation in Nepal*. Journal of Health Promotion

Central Bureau if Stastics, (2002). *Population Monograph of Nepal*. Vol. 1, Kathmandu

Dhital, Krishna Kumari (2010). *Sanitation Practice of Dalit and its effects of health, Majapanta VDC Mallaj of Parbat District*, An Unpublished Thesis. TU, Kathmandu.

*Guideline on Selection and Installation of Point of Use Drinking Water Treatment Technology at School Level*.ENPHO (2008).

Khanal, Peshal (2068). *Education Research Methodology*, Kathmandu, Sunlight Publication.

## अनुसुची

### अनुसुची १

**सुनसरी जिल्लाको गढी गाउँपालिका वडा नं. - ३ मा रहेको श्री माध्यमिक विद्यालय, छिटाहा र सोही गा. पा. वडा नं. - २ मा रहेको श्री सरस्वती माध्यमिक विद्यालय, औरावनीमा भौतिक वातावरणको अवस्था सम्बन्धी तुलनात्मक अध्ययन तयार पारिएको प्रश्नावली**

विद्यालयको नाम :............................ ठेगाना :......................

जम्मा शिक्षक संख्या :........................ जम्मा विद्यार्थी संख्या :......

शिक्षक/विद्यार्थीको नाम :.................... उमेर :.........

लिङ्ग :........... शैक्षिक स्तर :.............

बर्ष भरिमा जम्मा विद्यालय सञ्चालन हुने दिन :.............

**१. तपाईको विद्यालयमा खानेपानीको व्यवस्था कसरी गर्नुभएको छ ?**

क. नजिकैको श्रोतबाट ल्याइन्छ ख. अन्य.........

ग. विद्यालयमा नै उपलब्ध छ घ. आफै ल्याउँछौं

**२. तपाईको विद्यालयमा पानीको श्रोत कुन प्रयोग गर्नुहन्छ ?**

क. ट्युवेल ख. धारा ग. कुँवा घ. खोला

**३. तपाईको विचारमा पानी पिउन योग्य छ ?**

क. छ ख. छैन

**४. यदि छैन भने किन छैन ?**

क. पानीको श्रोत फोहोर भएर ख. भण्डारण गर्ने ठाउँ सफा नभएर

ग. शुद्धिकरण गर्ने तरिका थाहा नभएर घ. शुद्ध गर्नका लागि श्रोत साधन नभएर

**५. पानी कहाँ भण्डार गर्नुहुन्छ ?**

क. प्लास्टीक ट्याँकीमा ख. ग्यालनमा ग. जारमा घ.पक्की ट्याँकीमा

**६. पानीको श्रोत विद्यालयदेखि कति टाढा छ ?**

क. १० - १५ मि. ख. १५ - २० मि. ग. २० - २५ मि. घ. २५ - ३० मि.

**७. तपाईको विद्यालयमा शौचालय निर्माण गर्नु भएको छ ?**

क. छ ख. छैन

**८. यदि छैन भने किन बनाउनु भएन ?**

क. आवश्यक नभएर  ख. ठाउँ नभएर  ग. आवश्यक नदेखेर  घ. बजेट नभएर

**९. शौचालय नभएको अवस्थामा दिसा पिसाब कहाँ गर्नुहुन्छ ?**

क. खोला छेउमा  ख. खेतबारीमा  ग. बाँसघारीमा  घ. नहरको डिलमा

**१०. छात्र छात्राको लागि शौचालयको व्यवस्था कस्तो छ ?**

क. छुट्टा-छुट्टै स्थानमा रहेको  ख. एकै स्थानमा तर फरक फरक शौचालय

**११. शौचालयमा सरसफाइ सामग्रीको उपलब्धता कस्तो छ ?**

क. सामान्य अवस्थामा  ख. पर्याप्त मात्रामा  ग. अपुग अवस्थामा  घ. नभएको

**१२. शौचालय जाने बाटोको अवस्था कस्तो छ ?**

क. सुरक्षित  ख. पानी तथा लेउ जमेको

ग. फोहोर तथा झारपात भएको  घ. साँघुरो

**१३. के तपाईको विद्यालयमा चमेनागृहको व्यवस्था छ ?**

क. छ  ख. छैन

**१४. छ भने विद्यालयबाट कति दुरीमा छ ?**

क. २०-३० मि.  ख. २०-४० मि.  ग. ४०-५० मि.  घ. ५०-१०० मि.

**१५. चमेनागृहमा बस्नको लागि कस्तो व्यवस्था छ ?**

क. टेबल कुर्सी ख. टेबलमा  ग. कुर्सी  घ. बेञ्च

**१६. चमेनागृहमा पिउने पानीको व्यवस्था कस्तो छ ?**

क. शुद्ध पानी  ख.प्रदुषित पानी  ग. फिल्टर नगरिएको  घ. सामान्य

**१७. खाजानास्ताको व्यवस्था कस्तो छ ?**

क. राम्रो  ख. धेरै राम्रो  ग. सामान्य  घ. सुधार गर्नुपर्ने

**१८. चमेनागृहमा भाडावर्तनको सरसफाइ कसरी गरिन्छ ?**

क. सफा पानी  ख. सरफ पानी  ग. सोडा पानी  घ. अन्य

**१९. चमेनागृहको उपयोग क-कसले गरेका छन् ?**

क. शिक्षक  ख. विद्यार्थी  ग. कर्मचारी  घ. सबै

**२०. चमेनागृह सञ्चालकलाई यसले कस्तो प्रभाव पारेको छ ?**

क. आर्थिक लाभ भएको  ख. आर्थिक लाभ नभएको

ग. काममा ब्यस्त भएको  घ. परिवारलाई समय दिन नसकेको

**२१. विद्यालयको भौतिक वातावरण कस्तो छ ?**

क. सहज　　ख. दुर्गम　　ग. सुविधायुक्त　　घ. असहज

**२२. कक्षाकोठाको व्यवस्था के कस्तो छ ?**

क. खुल्ला　　ख. साँघुरो　　ग. अध्यारो　　घ. फोहोर

**२३. कक्षाकाठामा के के शिक्षण सामग्री उपलब्ध छन् ?**

क. बोर्ड　　ख. मार्कर　　ग. डस्टर　　घ. सबै

**२४. के विद्यालयमा खेलमैदानको आवश्यक्ता पर्छ ?**

क. पर्छ　　ख. पर्दैन

**२५. विद्यालयमा किन खेलकुदको आवश्यकता पर्दछ ?**

क. शारीरिक विकास　　ख. मानसिक विकास　　ग. सामाजिक विकास　　घ. सबै

**२६. खेलमैदानको व्यवस्थापनमा विद्यालयले कसरी सहयोग गरेको छ ?**

क. दैनिक सरसफाइ　　ख. साप्ताहिक　　ग. मासिक　　घ. आवश्यक्ता अनुसार

**२७. विद्यालयबाट निस्किने फोहोरमैला कसरी व्यवस्थापन गर्नुहुन्छ ?**

क. खाल्डोमा गाड्ने　　ख. जलाउने　　ग. थुपार्ने　　घ. उचित व्यवस्था नभएको